मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १६८ ★ ने. सं. ११४६ तछला गा, एकादशी ★ शुक्रबार ★ २६ असार, २०८३ ★ July 10 , 2026, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८



प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका संस्थापक राष्ट्रपति महान् नेता किम इल सङको निधनको ३२ औं स्मृति दिवसमा राजधानी प्योङयाङस्थित ग्रेट हल अफ द पिपल्समा आयोजित पुष्पार्पण तथा श्रद्धाञ्जली कार्यक्रममा कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष किम जोङ उनलगायत पार्टी र राज्यका वरिष्ठ अधिकारीहरू जुलाई ८, २०२६ का दिन। प्रजग कोरियामा जुलाई ८ लाई राष्ट्रिय शोक दिवस मानिन्छ।

*तस्बिर : केसिएनए*

# उद्यमशीलताको बीउ पुँजी वितरण



भक्तपुर, २५ असार। वागीश्वरी कलेज कमलविनायकमा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त उद्यमशीलताको निम्ति प्राप्त बीउ पुँजीको तेस्रो किस्ता बिहीबार एक कार्यक्रमका बिच वितरण गरियो।

कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उद्यमी पूर्वविद्यार्थी निष्ठा कायस्थलाई रु. १२ लाख ६० हजारको चेक हस्तान्तरण गरिएको हो।

विश्वविद्यालय अनुदान आयोगले उद्यमी कायस्थको निम्ति पाँच वर्षको लागि रु. ३१ लाख ५० हजार रूपैयाँ बिनाब्याज र बिनाधितो ऋण प्रदान गरेकोमा ६० प्रतिशत यसअघि नै दिइसकेको थियो भने बाँकी ४० प्रतिशत बिहीबार प्रदान गरिएको हो।

कार्यक्रममा प्रमुख प्रजापतिले सीपबिनाको शैक्षिक योग्यताले मात्र रोजगारीको भर नहुने चर्चा गर्दै अब उद्यमशील विद्यार्थीले जागिर खोज्दै हिँड्नुभन्दा अरूलाई रोजगार दिने सोचका साथ अघि बढ्नुपर्ने सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "अनेक कानुनी झमेला होलान्, झन्झट नमान्नुहोला, कानुनी प्रक्रिया पूरा गर्नैपर्छ। बिनाधितो, बिनाब्याज ३१ लाख ५० हजार ऋण पाउनु भनेको सामान्य विषय होइन। यसको लागि उद्यमशील विद्यार्थीहरूमा दृढ इच्छाशक्ति, कार्यमा समर्पण र कडा मिहिनेतको खाँचो छ, दु:ख नगरी कोही केहीँ सफल हुँदैन।"

उहाँले भक्तपुर नगरपालिकाले पनि युवा उद्यमशील कार्यक्रमअन्तर्गत उद्यमी युवालाई ५-५ लाख रूपैयाँको ऋण प्रदान गर्दै आएको चर्चा गर्दै रोजगारीको लागि बिदेसिने नेपाली युवालाई सक्दो रोक्ने प्रयास सबैतिरबाट हुनुपर्ने बताउनुभयो।

सङ्घीय सरकारले युवा उद्यमशीलताको लागि पर्याप्त बजेट व्यवस्था नगरेको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले रोजगारीको लागि सरकारको मात्र मुख ताकेर बस्न नहुने बरु स्वरोजगारको लागि आफैले सक्दो प्रयास गर्नु उत्तम हुने विचार व्यक्त गर्नुभयो।

आजका विद्यार्थीहरू नै देशको भविष्य निर्माता भएकाले युवा जनशक्ति विदेश नगई स्वदेशकै सेवामा समर्पित हुन उहाँले विशेष आग्रह गर्नुभयो।

कलेजका संयोजक ज्ञानसागर प्रजापतिले उद्यमशीलताको बीउ पुँजी प्राप्त गर्न सफल वागीश्वरी कलेज उद्यमशील क्षेत्रमा देशकै नमुना कलेजको रूपमा अघि बढिरहेको उदाहरण दिनुभयो।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई उद्योग,

*बाँकी पृष्ठ ८ मा*

# विद्यालय व्यवस्थापन समितिमा समुदायको प्रतिनिधित्व अनिवार्य

**- सुवर्ण श्रेष्ठ**

गत शुक्रबार मन्त्री परिषद्ले शिक्षा नियमावलीको दशौँ संशोधन गरेको जानकारी बाहिरिएको छ। राजपत्रमा प्रकाशित भएपछि लागू हुँदै छ। उक्त संशोधनमा राजनैतिक व्यक्तित्वहरू सहभागी नहुने गरी सामुदायिक विद्यालयको व्यवस्थापन समितिको गठन गरिने, स्थायी नियुक्ति भएको ३ वर्षपछि सरुवा हुन सकिने, प्रअको नियुक्ति स्थानीय पालिका प्रमुखले गर्ने, सरुवा प्रक्रिया पारदर्शी गर्नुपर्नेजस्ता विषयहरू उल्लेख छन्।


सामुदायिक विद्यालयको सफलता विद्यालयमा सक्षम शैक्षिक नेतृत्व, जिज्ञासु र कर्तव्यनिष्ठ शिक्षक, सक्रिय अभिभावकको सहकार्य, स्थानीय बुद्धिजीवी, समाजसेवीहरूको सहयोगमा भर पर्दछ। समुदायको आवश्यकताअनुसार स्थानीय समुदायले विद्यालय स्थापना र सञ्चालन गर्छन्, गरेका छन्। स्थानीय जनताको आवश्यकतालाई स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले मद्दत गरी पूरा गर्नुपर्छ र गरिरहेको पनि छ। स्थानीय जनताको प्रतिनिधित्व नरहने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नु समुदायलाई बेवास्ता गर्नु हो। स्थानीय पालिकामा जनप्रतिनिधिहरू निर्वाचित भएका हुन्छन्। समुदायमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक, ढल निकास, विद्युत्, तार टेलिफोनलगायतका सामाजिक र पूर्वाधार निर्माणका कार्यहरूमा स्थानीय पालिकाले बजेट विनियोजन गर्दछ र कार्यान्वयनको लागि सरोकारवालाहरूसँग सहकार्य गर्दछ।

विद्यालयको व्यवस्थापनमा जनप्रतिनिधिहरू नराख्नुको रहस्य स्थानीय पालिकाबाट विद्यालयलाई अलग्याउनु हो। समाजमा पढेलेखेका, बुद्धिजीवी, समाजसेवी र शिक्षाप्रेमीहरू कुनै न कुनै राजनैतिक दर्शनबाट प्रभावित भएका हुन्छन्। त्यस्ता व्यक्तित्वहरूको सहभागिताबिनाको विद्यालय व्यवस्थापन समितिले स्थानीय समुदायको सहयोग पाउन सक्दैन। विद्यालयका प्रधानाध्यापक एक्लैले विद्यालयको प्रशासनिक, शैक्षिक र भौतिक निर्माण सुधारका सबै काम गर्न सक्दैन।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूबाट प्रतिनिधित्व भएका व्यक्तित्वहरू लामो समयसम्म विद्यालय व्यवस्थापन समितिमा रहिरहन सक्छ भन्ने कुनै निश्चितता छैन। आफ्ना छोराछोरीहरू विद्यालयमा अध्ययनरत हुँदासम्म मात्र तिनीहरू अभिभावक हुन्छन्। तर, छोराछोरीहरू विद्यालय छोडेर अर्कै विद्यालयमा जाँदा, माथिल्लो कक्षामा अध्ययन गर्न अर्कै कलेज र विद्यालयमा जाँदा स्वत: अभिभावक हुँदैन। सहरी क्षेत्रका सामुदायिक विद्यालयमा स्थानीय बासिन्दाका छोराछोरी मात्र अध्ययन गर्दैनन्। कामको शिलशिलामा सहरमा आएका टाढाका अभिभावकहरूले विद्यालयको वास्तविकता नबुझ्न सक्छ र तिनीहरूको बसाइँसराइ

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्रको कुनो**




# युद्धविराम भङ्ग गर्ने राष्ट्रपति ट्रम्प शान्तिविरोधी

काठमाडौँ, २५ असार। संसारका राष्ट्र प्रमुखहरूमध्ये सबभन्दा बढी वचन फेर्ने र झूट बोल्नेमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प रहेको खबर बेलाबखत सञ्चारमाध्यममा आएकै हो। शक्तिको हुङ्कार गरेर झूटको राजनीति गरेको पछिल्लो उदाहरण 'इरानसँगको युद्धविराम समाप्त भएको घोषणा' शीर्षकको समाचारले पुष्टि गर्छ। युद्धविराम भएको महिना दिन नबित्दै युद्धविरामको उल्लङ्घन गर्दै इरानमा आक्रमण गर्ने अमेरिकी राष्ट्रपति ट्रम्प विश्वका शान्तिविरोधी नायक साबित भएका छन्। अमेरिका-इरान युद्धविराम भयो भनी अमेरिकी र इरानी जनताका साथै विश्वका देशभक्त र शान्तिकामी जनताले खुसी मनाइरहेको बेला या खुसीको खबर गाउँ बस्तीमा पुग्न नपाउँदै अमेरिकाले इरानमा आक्रमण गऱ्यो। उक्त अमेरिकी आक्रमणको इरानले प्रत्याक्रमण गरेको रिसइविमा अमेरिकी राष्ट्रपति ट्रम्पले अब तेहरानसँग वार्ताको कुनै औचित्य नरहेको धारणा व्यक्त गरे। युद्धविरामको उल्लङ्घन गरेर आफैले आक्रमण गर्ने अनि आफै युद्धको पिपासु बनेर फेरि आक्रमण गर्ने अमेरिकी राष्ट्र प्रमुख र अमेरिकी प्रशासनको के नियत रहेछ भन्ने कुरा थाहा हुन्छ।

छिनछिनमा विचार र बोली फेर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको यो पाइलाले उनी विश्वासघाती भएको विश्लेषण राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन्। यो विश्वका देश र जनतामाथि गरिएको विश्वासघात पनि हो। संसारका स्वाधीन र सार्वभौम देशमाथि आक्रमण गरेर राष्ट्र प्रमुखहरूको हत्या गर्ने, फाँसी दिन सघाउने अमेरिकी सरकार र अमेरिकी राष्ट्र प्रमुख कसरी देशभक्त र प्रजातान्त्रिक हुन्छन् ? अमेरिकाले आक्रमण गरेपछि इरानले प्रत्याक्रमण गर्नु के गल्ती हो ? अमेरिकाले अचानक आक्रमण गर्न पाउने तर त्यसको प्रतिकार गऱ्यो भनेर शान्ति बिथोलेको आरोप लगाउने अमेरिकी राष्ट्रपति ट्रम्प मानव अधिकार उल्लङ्घनविरोधी र शान्तिविरोधी हुन् भन्ने कुरा घटनाक्रमले पुष्टि गरेको छ। युद्धविराम भएको मसी सुक्न नपाउँदै युद्ध थालनी गरेर विश्वमा फेरि आतङ्क मच्चाउने, आतङ्क मच्चाएर आफ्नो प्रभुत्व जमाउने ट्रम्पको विश्वका जनताले फेरि विरोध गर्न थालेका छन्।

अमेरिकी सेनाले मङ्गलबार इरानविरुद्ध नयाँ आक्रमण गरेको थियो। अमेरिकाले इरानलाई तेल बिक्री गर्न दिइएको सहुलियतसमेत रद्द गरेको थियो। इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको शोक मनाउन लाखौँ जनता भेला भइरहेको बेला अमेरिकी सेनाले इरानको विभिन्न स्थानमा आक्रमण गरेको थियो। यो आक्रमण युद्धविरामको स्पष्ट र खतरनाक उल्लङ्घन हो; इरान र इरानी जनतामाथिको विश्वासघात हो। अमेरिकी सेना र प्रशासनको यो आक्रमणले राष्ट्रपति ट्रम्पको स्पष्ट अडान नभएको देखाउँछ। अडान फेर्ने, विश्वासघात गर्ने, बोली वचन फेर्ने, झूटको खेती गर्ने र निर्णय उल्लङ्घन गर्ने राष्ट्र प्रमुख ट्रम्पको इमानदारिता खोइ ?

युद्धविराम घोषणा भङ्ग गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको अभिव्यक्तिबारे संयुक्त राष्ट्र सङ्घ र विश्वका राष्ट्र प्रमुखहरूले खबरदारी गर्नुपर्ने आवश्यकता छ। निर्णय उल्लङ्घन गरे पनि कसैले टुलुटुलु हेरेर बसे या मौन समर्थन गरे त्यसले आक्रमणकारीहरूलाई झन् मौका मिल्छ या प्रोत्साहन मिल्छ। अत: अमेरिकी राष्ट्रपतिको अभिव्यक्ति फिर्ता लिन लगाउन या युद्धको अन्त्य घोषणा गराउन संयुक्त राष्ट्र सङ्घ लाग्नुपर्छ। संयुक्त राष्ट्र सङ्घ अमेरिकी प्रशासनको कठपुतली बन्नु हुँदैन। संसारमा साम्राज्यवादी देश रहेसम्म, साम्राज्यवादी नीति कायम भएसम्म विश्वका जनताले सुख, शान्तिका साथ बाँच्न पाउने छैनन्; देशको धन सम्पत्ति सुरक्षित हुनेछैन। यसमा संयुक्त राष्ट्र सङ्घ सचेत हुनुपर्छ; विश्वमा शान्ति, न्याय र समानताको लागि गम्भीर हुनुपर्छ।




भक्तपुर नगरपालिका वडा नं.२ वडा कार्यालयको आयोजनामा डेङ्गुको महामारी फैलिनबाट रोक्न आयोजित जनचेतना ऱ्याली असार २४ गते बुधबार ।
*तस्बिर : मजदुर दैनिक*

# ‘भान्छाघर नै औषधालय’ विषयक अभिमुखीकरण कार्यक्रम

भक्तपुर, २५ असार । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को युवा तथा स्वास्थ्य उपसमितिको आयोजनामा बिहीबार संस्थाका सदस्यहरूलाई हाम्रो दैनिक खानपान र भान्छामा उपलब्ध प्राकृतिक जडीबुटी तथा मसलाहरूलाई कसरी प्राथमिक उपचारका साथसाथै स्वास्थ्य रक्षाका लागि प्रयोग गर्ने गराउने उद्देश्यले वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुर कमलविनायकका डा. नन्दन कँडेलको प्राविधिक सहयोगमा ‘भान्छाघर नै औषधालय’ विषयक अभिमुखीकरण कार्यक्रम संस्थाको तालिम हलमा सम्पन्न भयो ।

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले सहकारी संस्थाले सदस्यहरूको आर्थिक समृद्धिसँगै स्वास्थ्य, शिक्षा र सामाजिक सचेतनालाई पनि प्राथमिकता दिँदै आएको बताउनुभयो । महँगो औषधि विशेष गरी पेनकिलर र एन्टिबायोटिक सेवन गर्ने बानीलाई निरुत्साहित गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले प्राकृतिक उपचारतर्फ आकर्षित गर्ने र खर्चलाई न्यूनीकरण गरी सदस्यहरूको जीवनस्तर उकास्नुपर्ने विचार गर्नुभयो ।

“यो अभिमुखीकरण अत्यन्तै समयसापेक्ष व्यवहारिक र जीवनोपयोगी रहेको र रोग लाग्नुभन्दा रोग लाग्न नदिनु नै सबैभन्दा ठुलो उपचार हो ।” उहाँले भन्नुभयो ।




उक्त अभिमुखीकरणका प्राविधिक सहयोगी डा. कँडेल र डा. इला पौडेलले हाम्रो भान्छाघरमा नियमित प्रयोग हुने जिरा, मरिच, बेसार, अदुवा, लसुन, मेथी, ज्वानो, तुल्सी र कागतीजस्ता वस्तुहरूको आयुर्वेदिक तथा वैज्ञानिक महत्त्वबारे जानकारी गराउँदै कुन मसलाले शरीरमा कस्तो प्रभाव पार्छ र यसले रोग प्रतिरोधात्मक क्षमता कसरी बढाउँछ भन्ने जानकारी दिनुभयो ।

उहाँले ‘खाना नै औषधि हो’ भन्ने मान्यतालाई आत्मसात गर्दै ऋतु र मौसमअनुसार कस्तो खाना खाने, कस्ता खानेकुरासँग खानु हुँदैन र खाना पकाउने सही तरिका र सन्तुलित भोजनबाट स्वास्थ्य राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

युवा तथा स्वास्थ्य उपसमितिका सदस्य रोशना सुवालले उद्घोषण गर्नुभएको कार्यक्रममा उपसमिति सदस्य पुण्यकृष्ण भुजुले स्वागत मन्तव्य, सचिव विष्णुप्रसाद सुवाल, संयोजक पुनेन्द्रप्रसाद कुसीले सहकारी सदस्य तथा स्वास्थ्यप्रति सचेत नागरिकहरूका लागि उपयोगी हुने र हाम्रा पुस्ताले प्रयोग गर्दै आएको घरेलु तथा आयुर्वेदिक उपचार पद्धतिलाई आधुनिक परिप्रेक्ष्यमा बुझाएर जीवन्त राख्नुपर्ने कुरामा जोड दिनुभयो ।

# बाल सेवक स्कूलको वार्षिकोत्सवमा अभिनन्दन कार्यक्रम



भक्तपुर, २५ असार । बाल सेवक आधारभूत विद्यालयले विद्यालय प्राङ्गणमा एक सांस्कृतिक कार्यक्रम गरी बिहीबार ६४ औँ वार्षिकोत्सव मनायो । उक्त कार्यक्रममा २०८३ असार २५ बाट निवृत्त हुनुभएका शिक्षक बाबा मल्ललाई अभिनन्दन गरिएको थियो ।

कार्यक्रमका अतिथि एवम् भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नपाले शिक्षा क्षेत्रमा बढी बजेट छुट्याएको प्रसङ्ग उल्लेख गर्दै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न धेरै लगानी गरेको कुरा राख्नुभयो । उक्त लगानी खेर जान नदिन सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक र समुदायहरू लाग्नुपर्ने र आफ्नो काम कर्तव्यबाट विचलित हुन नहुने पनि उहाँले बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति कृष्णगोविन्द खाइजुले बालबालिकाको चौतर्फी विकासको लागि कक्षाकोठामा दिइने शिक्षाले मात्र नपुग्ने र अतिरिक्त क्रियाकलापको पनि उत्तिकै आवश्यक भूमिका रहने कुरामा जोड दिनुभयो । उहाँले वर्तमान समयमा विद्यार्थीहरूमा व्यवहारिक ज्ञान र राम्रो संस्कारको विकास गर्नुपर्ने बताउनुभयो ।

शिक्षाप्रेमी पशुपति प्रधानले कक्षा ५ र ८ बाट उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण भएका विद्यार्थीहरूलाई कामाक्षा देवी प्रधान नगद सिरपा प्रदान गर्नुभएको थियो । मुनि विहारका श्रद्धेय भिक्षु विपश्वि धम्म:रामो भन्तेले आफू पनि यही विद्यालयमा अध्ययन गरेको र पहिलाको तुलनामा धेरै भौतिक पूर्वाधार सुधार भएको विचार व्यक्त गर्नुभयो ।

शिक्षासेवी एवम् अक्षयकोष संस्थापक जयन्तकुमार पौडेलले कक्षा १ देखि कक्षा ८ सम्मका गरिब तथा जेहनदार विद्यार्थीलाई अक्षयकोषमार्फत छात्रवृत्ति प्रदान गर्नुभएको थियो । भूतपूर्व प्रअ जयपालहरि कायष्ठले विद्यालयले प्रगति गरिरहेको कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रममा विद्यालयका नि. प्रधानाध्यापक शोभा ढुकुछुले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा शैक्षिक सत्र २०८२ मा हरेक कक्षामा उत्कृष्ट अङ्क ल्याई प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थी र विभिन्न विधामा विजयी भएका विद्यार्थीलाई पुरस्कार र मेडल वितरण गरिएको थियो ।

# कालीकोटमा कालाजारको बिरामी फेला पर्न थाले

मान्म (कालीकोट), २५ असार । हिमाली जिल्लामा पनि लामखुट्टेको टोकाइबाट लाग्ने रोगका बिरामी फेला पर्न थालेका छन् । कालीकोटमा लामाखुट्टेको टोकाइबाट लाग्ने रोग डेङ्गी, औलो र कालाजारका बिरामी भेटिन थालेका हुन् ।

विगतमा तराई र पहाडका जिल्लामा मात्र देखिने गरेको लामखुट्टेका कारणले लाग्ने रोग केही वर्षयता हिमाली जिल्लामा देखिन थालेको छ । जिल्लामा आर्थिक २०८२/ ८३ मा लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गी, औलो र कालाजारका १९ बिरामी भेटिएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत कटकबहादुर महतले जानकारी दिनुभयो । उहाँका अनुसार डेङ्गीका १०, कालाजारका आठ र औलोका एक जना एक बिरामी भेटिएका छन् ।

जिल्लाका नौ पालिकामध्ये छ पालिकामा डेङ्गी, औलो र कालाजारका बिरामी भेटिएको जनस्वास्थ्य अधिकृत महतले बताउनुभयो । “जिल्लाका नौ पालिकामध्ये खाँडाचक्र नगरपालिका डेङ्गीका आठ, पलाँता गाउँपालिका एक, नरहरिनाथ गाउँपालिका एक जना बिरामी भेटिएका छन् ।

त्यस्तै, कालाजारका खाँडाचक्र नगरपालिका दुई, पचालझरना गाउँपालिका दुई , रास्कोट नगरपालिका, शुभकालिका, पलाँता र नरहरिनाथ गाउँपालिकामा एक/एक जना, बिरामी भेटिएका छन्”, उहाँले भन्नुभयो, “औलो रोगका बिरामी खाँडाचक्र-२ मा एक जनामा भेटिएको थियो । यो भने आयातित बिरामी थिए ।”

जलवायु परिवर्तनका कारणले तापक्रम बढ्दै जाँदा पहिले चिसो मानिने क्षेत्रमा लामखुट्टे बाँच्न र प्रजनन गर्न सक्षम भएका र जिल्लाबाट धेरै मानिसहरू तराईका जिल्लाबाट आउन-जाने भएकाले पनि पछिल्लो चरणमा डेङ्गी, औलो र कालाजारका बिरामी भेटिने गरेको जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख रत्नवीर सुनारले बताउनुभयो । “सडक निर्माण, बजार विस्तार तथा अव्यवस्थित बस्तीका कारण पानी जम्ने ठाउँ बढ्दा लामखुट्टे हुर्कन अनुकूल वातावरण बन्छ । त्यो कारणले पनि जिल्लामा डेङ्गी, औलो र कालाजारका बिरामी भेटिन थालेका हुन्”, उहाँले भन्नुभयो, “विशेष गरेर जिल्लाका तल्लो भेग कर्णाली नदी र तिला नदी किनार आसपासका क्षेत्रमा लामखुट्टेबाट सर्ने रोगका बिरामी भेटिएका छन् ।”

जिल्लामा डेङ्गी, औलो र कालाजारका सङ्क्रमणका बिरामी भेटिन थालेपछि महामारीको रूपमा फैलिन नदिनका लागि स्वास्थ्य संस्थाहरूसँग समन्वय गरेर लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु गरिएको जिल्ला स्वास्थ्य कार्यालयका महामारी रोग नियन्त्रण शाखाका प्रमुख हेमराज बमले बताउनुभयो । “लामखुट्टेको जोखिम देखिएका जिल्लाका विभिन्न ठाउँमा स्थानीय स्वास्थ्य संस्थाहरूको सहयोगमा लार्भा खोज्ने र नष्ट गर्ने तथा सचेतनाको अभियान सञ्चालन गरेका छौँ”, उहाँले भन्नुभयो, “विशेष गरेर डेङ्गी, औलो र कालाजार बिरामी भेटिएका क्षेत्रमा घरभित्र र बाहिर पानी जम्ने ठाउँहरू सफा गर्ने र लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग विषयमा जानकारी गराएका छौँ ।” *(रासस)*

# बाह्र वर्षदेखि रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको बाटो खुल्यो

काठमाडौँ, २५ असार । सरकारले १२ वर्षदेखि विभिन्न कारणले रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको अवरोध हटाएको छ । बुधबारको मन्त्रिपरिषद्को निर्णयसँगै आयोजनाको मकवानपुर खण्डमा वन क्षेत्र प्रयोग गर्ने अनुमति प्राप्त भएको हो ।

मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई वन ऐन, २०७६ को दफा ४२(१) बमोजिम मकवानपुरको हेटौँडा-१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया-२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूहअन्तर्गतको राष्ट्रिय वनको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार लामो समयदेखि वन क्षेत्रको स्वीकृति, राइट अफ वे (मार्गाधिकार) तथा रुख कटानसम्बन्धी निर्णय नहुँदा आयोजना रोकिएको थियो । ढल्केबर-हेटौँडा-इनरुवा करिडोर करिब ३०० किलोमिटर लामो रहेको र ४०० केभी उच्च भोल्टेज प्रसारण लाइनका लागि ४६ मिटर चौडाइको मार्गाधिकार आवश्यक पर्ने भएकाले वन क्षेत्रको अनुमति अत्यावश्यक थियो ।

हेटौँडादेखि बुटवलसम्म २२० केभी प्रसारण लाइनको सर्किट निर्माण भइसकेको छ । नयाँ ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएपछि पूर्व-पश्चिम विद्युत् प्रवाह सहज हुने, प्रणालीको विश्वसनीयता बढ्ने, पटक-पटक हुने ट्रिपिङ तथा विद्युत् अवरोधमा कमी आउने र अतिरिक्त विद्युत् भारत निर्यात गर्न सहज हुनेछ ।

नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले प्रसारण लाइन सञ्चालनमा आएपछि नेपालको राष्ट्रिय प्रसारण प्रणाली थप सुदृढ, सन्तुलित र भरपर्दो हुनेछ । पूर्वमा उत्पादन भएको विद्युत् पश्चिम र पश्चिममा उत्पादन भएको विद्युत् पूर्वसम्म प्रवाह गर्न मिल्ने बताउनुभयो ।

यसैबिच, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले यो परियोजनालाई ‘ऊर्जा राजमार्ग’ का रूपमा चित्रण गर्दै यसबाट मुलुकको विद्युत् निर्यात क्षमता बढेको र हालको करिब एक हजार मेगावाट विद्युत् निर्यात गर्नसक्ने क्षमता प्रसारण प्रणाली पूर्ण रूपमा सञ्चालनमा आएपछि दुई हजार ५०० देखि तीन हजार मेगावाटसम्म विद्युत् निर्यात गर्न सकिने बताउनुभएको छ ।
*(रासस)*

# जलाधार कार्यालय जुम्लाद्वारा ९० योजना सम्पन्न

जुम्ला, २५ असार । भू-तथा जलाधार व्यवस्थापन कार्यालय जुम्लाले चालु आर्थिक वर्षमा ९० योजना सम्पन्न गरेको छ । कार्यालयले पहिरो रोकथाम, तटबन्ध तथा बाँध निर्माण र खोला किनारा संरक्षणका योजना पूरा गरेको भू-तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख लोकेन्द्रबहादुर भण्डारीले जानकारी दिनुभयो ।

कार्यालयले हुम्लामा ३२, मुगुमा २८, डोल्पामा आठ, जुम्लामा २० र कालीकोटमा दुई योजना निर्माण भएको कार्यालय प्रमुख भण्डारीको भनाइ छ । ती योजना उपभोक्ता समितिबाट सम्पन्न भएका हुन् । पाँचवटै जिल्लाका ९० योजनामध्ये जुम्लामा तीन र डोल्पामा एक योजना निर्माण पूरा भएको प्रमुख भण्डारीले उल्लेख गर्नुभयो ।

कार्यालयमा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा भने कठिनाइ भएको छ ।

कुल १७ वटा स्थायी दरबन्दीमध्ये १३ वटामात्र पदपूर्ति भएको छ । प्राविधिक तहअन्तर्गत इञ्जिनियर सातौँ र आठौँ तहको कर्मचारीको पदपूर्ति नहुँदा कार्यसम्पादनमा कठिनाइ भएको छ ।

पाँचवटै जिल्लाका योजना अनुमगन गर्न प्राविधिक कर्मचारीको अभावले सीमित कर्मचारीबाट सेवा प्रवाह गर्न समस्या भएको भू-तथा जलाधार व्यवस्थापन कार्यालयले जनाएको छ । *(रासस)*

## सङ्क्षिप्त समाचार

### लमजुङ कारागार बजेट अभावमा रोकियो

लमजुङ, २५ असार । बैंसीसहर सेराफाटमा रहेको जिल्ला कारागार बजेट अभावमा निर्माण हुन नसकेपछि बन्द भइ १०९ कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गरिएको छ ।

भवन विकास तथा निर्माण कार्यालय, कास्कीले तयार पारेको प्रतिवेदन अनुसार पुन:निर्माणका लागि रु. १७ करोड ७४ लाख लागत अनुमान तयार भए सम्बन्धित निकायमा पेस भएको लमजुङ कारागारका निमित्त जेलर पृसा गौतमले जानकारी दिनुभयो । कारागार विसं २०२८ मा निर्माण भएको थियो ।

हाल कारागारमा कैदीबन्दी छैनन् । लेखा अधिकृतको पद रिक्त छ । कारागारमा छ जना कर्मचारी कार्यरत छन् ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले कारागार भवन जीर्ण भएकाले सामान्य मर्मतबाट सञ्चालन गर्न नसकिने जानकारी दिनुभयो । कैदीबन्दी जिल्ला बाहिर रहँदा अदालतमा उपस्थित गराउन, आफन्तसँग भेटघाट गराउन तथा अन्य प्रशासनिक काम सम्पन्न गर्न अतिरिक्त समय, जनशक्ति र खर्च लाग्दै आएको छ । ***(रासस)***

### लालबन्दीमा गोली प्रहार गरी लुटपाटको प्रयास

बरहथवा (सर्लाही), २५ असार । सर्लाहीको लालबन्दीमा गएराती गोली प्रहार गरी लुटपाटको प्रयास भएको छ ।

रातिको समयमा लालबन्दी नगरपालिका-७ र ३ को सीमास्थित सडकमा अज्ञात समूहले गोली प्रहार गरी लुटपाटको प्रयास गरेको हो ।

लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्दै आउनुभएका लालबन्दी नगरपालिका-७, का हरिप्रसाद सापकोटालाई राति पसल बन्द गरेर घर जाने क्रममा मोटरसाइकल चढेर आएका तीन जनाले लुट्ने प्रयास गरेका प्रहरीले जनाएको छ ।

''लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्ने व्यक्तिलाई राति पन्छ्याएर एकान्त जस्तो ठाउँमा पुगेपछि बाटो घेरेर लुट्ने प्रयास भएको छ ।'' जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले भन्नुभयो, ''उहाँले प्रतिकार गरेपछि उनीहरू गोली पड्काउँदै भागेका देखिन्छ । हामी अनुसन्धानमै छौं ।'' मोटरसाइकलमा घर जाँदै गरेका सापकोटाले लुटेरा समूहको प्रतिकार गरेपछि उनीहरू नलकटुवा पेस्तोलबाट गोली प्रहार गरी फरार भएका उहाँले बताउनुभयो । घटनास्थलबाट नलकटुवा पेस्तोलबाट पड्काएको गोलीको खोखासमेत प्रहरीले बरामद गरेको छ । ***(रासस)***

### सीमा विवादबारे सरकारको स्पष्ट जवाफ माग्दै विपक्षीको विरोध जारी

काठमाडौँ, २५ असार । प्रतिनिधिसभाको बिहीबारको बैठकमा पनि प्रमुख प्रतिपक्षसहित विपक्षी दलहरूले सीमा विवादसम्बन्धी विषयमा सरकारको स्पष्ट जवाफ माग गर्दै विरोधलाई निरन्तरता दिएका छन् ।

बैठक सुरु हुनेबित्तिकै विपक्षी दलका सांसदहरू आ-आफ्नो आसनबाट उठेपछि सभामुख डोलप्रसाद अर्यालले एउटै विषयमा निरन्तर विरोध भइरहेकाले विपक्षी दलका तर्फबाट एक जना सदस्यलाई संक्षिप्त धारणा राख्न समय दिनुभएको थियो । नेपाली कांग्रेसकी हरिनादेवी कामीले प्रधानमन्त्री बालेन्द्र शाहले गत जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा दिएको 'नेपालले पनि भारतको भूमि मिचेको रहेछ...' भन्ने अभिव्यक्तिप्रति आपत्ति जनाउँदै प्रधानमन्त्रीले स्पष्ट जवाफ दिनुपर्ने तथा उक्त अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउनुपर्ने माग गर्नुभयो ।

त्यसपछि अन्य विपक्षी दलका सांसदहरूले पनि बोल्न समय माग गरेपछि सभामुख अर्यालले सबै विपक्षी दललाई बोल्न समय दिनुभयो ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) की एशुदाकुमारी बरालले विपक्षीले पटक-पटक उठाउँदै आएको विषयमा सरकारले सुनुवाइ नगरेको भन्दै ध्यानाकर्षण गराउनुभयो । नेपाली कम्युनिस्ट पार्टीका भीमकुमारी बुढामगरले नेपाली जनता आफ्नो भूमिको रक्षाका लागि प्रतिबद्ध रहेका बेला प्रधानमन्त्रीले राष्ट्रियतासँग जोडिएको आफ्नो अभिव्यक्ति सच्च्याउनुपर्ने माग गर्नुभयो ।

यसैगरी, श्रम संस्कृति पार्टीका पूर्णप्रसाद लिम्बूले प्रधानमन्त्रीको उक्त अभिव्यक्तिमाथि प्रश्न उठाउनुभयो भने राष्ट्रिय प्रजातन्त्र पार्टीकी खुश्बु ओलीले सो विषयमा सत्ता पक्षको स्पष्ट धारणा सार्वजनिक गर्न माग गर्नुभयो । ***(रासस)***

### मनोरञ्जनका क्षेत्रमा मानव बेचबिखन वृद्धि

नारायणगढ (चितवन), २५ असार । यहाँस्थित स्पा, होटल तथा मनोरञ्जन व्यवसायको तीव्र विस्तारसँगै आन्तरिक मानव बेचविखन र यौन शोषणको जोखिम बढ्दै गएको एक अध्ययनले देखाएको छ । 'सामरी उत्थान सेवा' ले तयार पारेको अध्ययन पत्रकारमाझ भरतपुरमा सार्वजनिक गर्दै जातीय विभेद, हिंसा र बहिष्करणमा परेका दलित, लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक (क्वीर) समुदायका ८५ प्रतिशत मानिस आन्तरिक मानव बेचविखन र यौन शोषणबाट पीडित बन्नुपरेको उल्लेख छ ।

संस्थाका कार्यक्रम प्रबन्धक शिवहरि ज्ञवालीले सन् २०२४/२५ भरतपुर महानगरभित्र तीन वटा स्पा सञ्चालन रहेकोमा सन् २०२५/२६ मा त्यो सङ्ख्या २१ पुगेको छ, जुन ६०० प्रतिशतले वृद्धि भएको जानकारी दिनुभयो ।

उहाँले होटल, डान्सबार, दोहोरी र स्पाजस्ता मनोरञ्जन क्षेत्रको नियमनका लागि छुट्टै कानुन नहुनु तथा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अनुगमन अधिकार प्रभावकारी रूपमा कार्यान्वयन नभएकाले बेचबिखन र यौन शोषणको जोखिम बढ्दै गएको बताउनुभयो । अध्ययनमा सहभागी ६९ प्रतिशत दलित क्वीरले भोगेका हिंसा र विभेदका घटनालाई सञ्चार माध्यमले पर्याप्त प्राथमिकता नदिएको गुनासो गरेका थिए । ***(रासस)***



**जीर्ण कारागार लमजुङ**

गत असार ३२ गते गएको पहिरोपछि जीर्ण बनेको जिल्ला कारागार लमजुङ । पहिरोका कारण कारागार जोखिममा परेपछि यहाँ रहेका १०९ जना कैदीबन्दीलाई साउन ३ गते दमौली र पोखरा कारागारमा स्थानान्तरण गरिएको थियो । जोखिम हटेपछि पुन: लमजुङमै फर्काउने तयारी गरिए पनि बजेट अभावका कारण हालसम्म मर्मत तथा पुनर्निर्माणको काम सुरु हुनसकेको छैन । *तस्बिर: जनक श्रेष्ठ/रासस*

# लुम्बिनीलाई 'डे-टुर' बाट 'स्टे-डेस्टिनेसन' बनाउन एकीकृत प्रयास आवश्यक

**- कमल रायमाझी**

सिद्धार्थनगर (भैरहवा), २५ असार । बुद्ध जन्मस्थल लुम्बिनी आसपासका व्यवसायी, अध्येता एवं स्थानीयवासीले लुम्बिनी घुम्न आउने पर्यटकलाई कम्तीमा एक दुई दिन यसै क्षेत्रमा अडिने वातावरण सृजना गर्न एकीकृत प्रयास हुनुपर्ने बताउनुभएको छ ।

सरोकारवाला पक्षले विश्वसम्पदा सूचीमा सूचीकृत पवित्रभूमि एवं धार्मिक तथा पर्यटकीयस्थल लुम्बिनी घुम्न आउनेहरू सोही दिन फर्कने गरेकाले पर्यटकको बसाइ लम्ब्याउन एकीकृत प्रयास हुन आवश्यक रहेको बताउनुभएको हो ।

विशेषगरी स्थानीय होटल व्यवसायी, समाजसेवी, युवा तथा कृषकहरूले 'ग्रेटर लुम्बिनी' को अवधारणाअनुसार बुद्धसँग सम्बन्धित तिलौराकोट, देवदह र रामग्रामलगायतका क्षेत्रलाई समेटेर पर्यटकको बसाइ लम्ब्याउन पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँहरूले सम्भाव्यताका आधारमा बाह्य देशहरूसँग सीधा हवाई सेवा सञ्चालन गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई चलायमान बनाउने, स्थानीय सांस्कृतिक गाउँ तथा ध्यान केन्द्रतर्फ पर्यटक आकर्षित गर्ने र ग्रामीण पर्यटनमा जोड दिने नीति अवलम्बन गरी लुम्बिनी क्षेत्रलाई लाभान्वित तुल्याउन सकिने सुझाव दिनुभयो ।

यसै सन्दर्भमा लुम्बिनी होटल सङ्घका अध्यक्ष लीलामणि शर्माले धार्मिक तथा सांस्कृतिक पर्यटनका दृष्टिले नेपालको सबैभन्दा ठुलो पर्यटकीयस्थलका रूपमा रहेको लुम्बिनी 'ब्राण्ड' का रूपमा चिनिए पनि नीतिगत तथा व्यवस्थापनमा भएको कमजोरीका कारण अपेक्षित लाभ लिन नसकिएको बताउनुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय क्याम्पसका प्रमुख प्रा. दयानिधि शर्माले धार्मिक तीर्थस्थल मात्र नभई विश्व बौद्ध दर्शन, शान्ति, अहिंसा र मानव सभ्यताको अध्ययन-अनुसन्धान केन्द्रका रूपमा लुम्बिनीलाई स्थापित गर्नुपर्ने खाँचो औंल्याउँदै शिक्षा, अध्ययन-अनुसन्धान, ध्यान, संस्कृति र पर्यटनलाई एकसाथ जोडी पर्यटन प्रवर्द्धन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सोही विश्वविद्यालयका पूर्वक्याम्पस प्रमुख प्रा. फणिन्द्र न्यौपानेले विश्वमा हिंसा, द्वन्द्व र मानसिक तनाब बढिरहेका बेला बुद्धको ध्यान, करुणा र मध्यममार्गले मात्रै मानवतालाई सही दिशा दिन सक्ने उल्लेख गर्दै लुम्बिनीलाई केवल घुम्ने ठाउँ मात्र होइन, शान्ति विश्व विद्यालयका रूपमा विकास गरी शैक्षिक केन्द्रका रूपमा स्थापित गर्ने सोचसहित अघि बढ्नुपर्ने बताउनुभयो ।

लुम्बिनी विकास कोषका सदस्य-सचिव ज्ञानीन राईले लुम्बिनीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीयस्थलका रूपमा विकास गर्न सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र बाह्य साझेदार सङ्घ, संस्थाबिच समन्वयसहित सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिँदै पूर्वाधार विस्तारसँगै गुणस्तरीय पर्यटन सेवा र विश्वव्यापी प्रचारप्रसारका पक्षमा कोष रहेको स्पष्ट गर्नुभयो ।

यसैगरी, लुम्बिनीलाई विश्वको आध्यात्मिक राजधानीका रूपमा विकास गर्ने लक्ष्यअनुसार विभिन्न कार्यक्रम अघि बढाइएको जानकारी दिँदै कोषका सूचना अधिकारी हरि राईले भन्नुभयो, "लुम्बिनी बुद्ध जन्मिएको स्थान मात्र होइन, विश्वशान्तिको सन्देश प्रवाह गर्ने भूमि हो, यहाँ आउने प्रत्येक व्यक्तिले केही समय ध्यान, साधना र आत्मचिन्तनमा बिताउन सक्ने वातावरण निर्माण गरी बसाइ लम्ब्याउन कोषका तर्फबाट सक्दो प्रयास हुने छ ।"

धर्म, संस्कृति र सभ्यतासम्बद्ध अध्येताका अनुसार लुम्बिनी अब केवल बुद्ध जन्मिएको ऐतिहासिकस्थलमा सीमित नरही मानव सभ्यतालाई आन्तरिक शान्ति र सहअस्तित्वको बाटो देखाउने विश्वव्यापी आध्यात्मिक केन्द्रका रूपमा विकसित हुँदै गएकाले लुम्बिनीको अझ प्रचारप्रसार गरी उल्लेख्य सङ्ख्यामा पर्यटक भित्र्याउन सकिने अवस्था छ ।

विशेषज्ञहरूका अनुसार विपश्यना, योग, बौद्धदर्शन अध्ययन, अन्तर्राष्ट्रिय सम्मेलन तथा शान्ति संवादजस्ता गतिविधिलाई व्यवस्थित रूपमा विस्तार गर्न सकिए लुम्बिनी आउने पर्यटकको बसाइ लम्बिने मात्र होइन, यो विश्वकै प्रमुख आध्यात्मिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुने देखिन्छ ।

यसैबिच धार्मिक पर्यटकीयस्थलको सम्भावनासहित पछिल्ला वर्षमा लुम्बिनी क्षेत्रमा 'तारे' होटल, 'रिसोर्ट' र गुणस्तरीय होटलहरू सञ्चालन भए पनि लुम्बिनी आउने पर्यटक दुई चार घण्टा घुमेर बाहिरिने क्रम बढेसँगै अपेक्षित लाभ लिन नसकेको सम्बद्ध व्यवसायी भनाइ छ ।

स्थानीय होटल व्यवसायीका अनुसार भारतका बनारस, बोधगया, दिल्ली र लखनऊका 'ट्राभल एण्ड टुर अपरेटर' सँग प्रत्यक्ष सहकार्य गरी लुम्बिनी-बनारस 'बिटुबी ट्राभल मार्ट' तथा 'फ्याम ट्रिप' मार्फत धार्मिक र सांस्कृतिक पर्यटनको साझा बजार विस्तार गर्ने अवधारणा कार्यान्वयनमा आएपछि बैङ्कबाट लिएको कर्जाको ब्याज तिर्न सकिएको छ ।

विद्यमान अवस्थामा निजी क्षेत्रले लुम्बिनीमा अब थप लगानी गर्न सोच्नुपर्ने अवस्था सृजना भएकाले लगानीमैत्री वातावरणका लागि सरकारका तर्फबाट आवश्यक पहल हुनुपर्ने माग गर्दै लुम्बिनी क्षेत्रका व्यवसायी तथा स्थानीयवासीले हरेक वर्ष लुम्बिनी घुम्न आउने १५ लाख पर्यटकको बसाइ लम्ब्याउन र थप पर्यटक भित्र्याउन सरोकारवाला पक्षबिच सहयोग र सहकार्यसहित एकीकृत हुनुपर्ने खाँचो औंल्याउनुभएको छ । ***(रासस)***

# जरिवाना नतिर्ने दुई लाखभन्दा बढी चालकको सेवा रोक्का

काठमाडौँ, २५ असार । दुई लाख ६१ हजारभन्दा बढी सवारीचालकले जरिवानावापतको रकम राज्यकोषमा दाखिला नगरेको पाइएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार ती सवारी चालकलाई यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिने सेवाबाट वञ्चित हुने छन् ।

त्यस्तो जरिवाना नतिर्ने चालकले नयाँ सवारीसाधन खरिद, सवारीसाधन नामसारी (खरिद-बिक्री), सवारीचालक अनुमतिपत्र (लाइसेन्स) नवीकरण तथा यातायात कार्यालयबाट प्रदान गरिने अन्य सेवा लिन पाउने छैनन् ।

लामो समयसम्म ती चालकले जरिवाना नतिरेपछि ट्राफिक प्रहरीले यातायात कार्यालयमा पठाएको विवरणका आधारमा सेवा रोक्का प्रक्रिया अघि बढिसकेको छ । उक्त जरिवानावापतको रकम दाखिला नगरेसम्म त्यहाँबाट पाउने विभिन्न सेवा रोक्का हुने प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

जरिवानावापतको रकम पूर्णरूपमा बुझाएपछि मात्रै ती सेवा पुन: प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । यातायात व्यवस्था कार्यालयले अब कुनै पनि नयाँ सेवा लिनुअघि सम्बन्धित चालकले ट्राफिक जरिवानावापतको रकम राज्यकोषमा तिरेको पुष्टि अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । जरिवानावापतको रकम जम्मा गर्न बाँकीलाई मोबाइल सन्देश (एसएमएस) मार्फत जानकारी गराउने कार्य सुरु गरिएको छ ।

ट्राफिक प्रहरीका अनुसार यो कदम जरिवानावापतको रकम राज्यकोषमा जम्मा गर्ने अभियानलाई प्रभावकारी बनाउनका साथै ट्राफिक नियम पालना गर्ने संस्कृतिको विकास र सडक अनुशासन कायम गर्न लागू गरिएको जनाइएको छ ।

ट्राफिक नियम उल्लङ्घन गरी जरिवानावापत रकम राज्य कोषलाई नतिर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्तो व्यवस्था प्रभावकारी हुने विश्वास गरिएको प्रवक्ता सुवेदीले बताउनुभयो । उपत्यका ट्राफिक प्रहरी कार्यालयले ट्राफिक नियमको पूर्णपालना गर्न चालकलाई अनुरोध गरेको छ । ***(रासस)***

### बर्डफ्लु नियन्त्रणका लागि सतर्कता अपनाउन आग्रह

मान्म (कालीकोट), २५ असार । देशका विभिन्न स्थानमा बर्डफ्लु (एभियन इन्फ्लुएन्जा) सङ्क्रमण पुष्टि भइरहेका बेला कालीकोटमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । पशु सेवा कार्यालय कालीकोटले बर्डफ्लु नियन्त्रणका लागि सतर्कता अपनाउन आग्रह गरेको हो ।

जिल्लाभित्र कुखुरामा बर्डफ्लु फैलिन सक्ने भएकाले सतर्कताका साथ पूर्वतयारीमा रहन कुखुरापालक किसानलाई अनुरोध गरिएको छ । कुखुरा फार्म, मासु पसल तथा कुखुरापालक किसानलाई रोग नियन्त्रणका लागि पूर्वतयारीमा रहन अनुरोध गरिएको जिल्ला पशु कार्यालयका प्रमुख धनबहादुर महतले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# समय, परिस्थिति र व्यक्ति

पहिलेका शिक्षकहरूले आफ्ना कक्षाहरूमा मन्त्र पढेर सुनाए जस्तै 'हे, बाबु-नानीहरू जहिले पनि समय र परिस्थितिको ध्यान दिनुपर्छ र सोचेर गर्नु हुन्न' भनी पाठहरू बारम्बार नयाँ पुस्तालाई स्मरण गराउँछन् । आँखा चिम्लेर नक्कल गर्दा धेरै धनजनको क्षति भएको इतिहास र समाचारपत्रले जानकारी दिएरै आएका छन् । तर, कहिलेकाहीँ समय र परिस्थितिको मूल्याङ्कन नगर्दै नक्कल गर्दा पहिले काठमाडौँ उपत्यकामा उत्तरका नेपालीहरूले बख्खु लगाएर हिँडेको देखेर असार-साउनमा बख्खु लाएर हिँडेमा व्यक्तिले उद्देश्यको विपरीत परिणाम भोग्नुपर्ने हुन्छ ।

'विद्युत्बाटै मुलुकको समृद्धि (२५ असार २०८३ को नागरिक दैनिक) मा छापिएको रिपब्लिक हेर्दा केही वर्षदेखि नेपालको धेरै जलविद्युत् उत्पादनको कारण भ्रममा पर्ने अनुभव धेरैले गरे होलान् । दिउँसो काठमाडौँको एक गल्लीमा देखेको डोरीलाई राति त्यही डोरीलाई सर्प सम्झन बेर लाग्दैन । सोभियत सङ्घमा १९१७ को समाजवादी क्रान्तिपछि पश्चिमी देशका विद्वान र सरकारका ठुला-ठालुहरूसमेत युरोपको सबभन्दा पिछडिएको भूदासहरूको देशमा कसरी समाजवादको स्थापनाको 'कल्पना' गरेको होला भनी आश्चर्य मिश्रित जिज्ञासामा थिए । त्यसकारण, त्यसबेलाका नाउँ चलेका बेलायती बुद्धिजीवी एच.जी.वेल्सलाई मस्को पठाइएको थियो ।

वार्ता र छलफलको सिलसिलामा लेनिनले भन्नुभयो, "विद्युतीकरणले समाजवाद ल्याउँछ ।" लेनिनको भनाइ र एच.जी.वेल्सको अर्थ्याइँमा फरक भएरै होला पत्रकारहरूले उहाँलाई भन्नुभयो, "लेनिन क्रेमलिनका स्वप्नदर्शी हुनुहुन्छ ।"

तर, परिणामले सोभियत सङ्घको विद्युतीकरणले आखिर समाजवादको सफलतामा ठुलो भूमिका खेल्यो । उद्योग र उत्पादनका हर क्षेत्रमा विद्युतीकरणको प्रयोगले अत्यन्त सकारात्मक परिणाम दियो - वस्तुको लागत र द्रुततर विशाल उत्पादनको परिणामको कारण । २०-३० वर्षभित्र संसारको सबभन्दा पुरानो पुँजीवादी देशलाई केही वर्षभित्रै विभिन्न वस्तुको उत्पादनमा पछि पारेर सबभन्दा अगाडि बढेको पुँजीवादी देशका प्रतिनिधि संरा अमेरिकासँग प्रतिस्पर्धी बन्न पुग्यो । सोभियत रुस त्यसबेला संसारको सबभन्दा ठुलो कारखाना साबित भयो ।

त्यो समय हो १०० वर्ष अगाडिको र ठाउँ समाजवादी सोभियत सङ्घको । जहाँ उत्पादनका विशाल उत्पादन साधनहरू निजी नभई सारा देश र जनताको हुन्थ्यो । तर, हाम्रो यहाँ भ्रष्टाचारले ग्रस्त निजी भन्नेहरू नै वास्तवमा विदेशी पुँजी भाग खाने एजेन्टहरू हुन्छन् । दोस्रो, ठुलठुला हाम्रा जलस्रोत र विद्युत् उत्पादनका मालिकहरू विदेशी छन् । माथिल्लो कर्णालीदेखि देशका सबै जलविद्युत्को बैङ्कसमेत भारतीय र एमसीसीको नाममा संरा अमेरिकी पुँजीको हातमा छ । नेपाली जलविद्युत् बङ्गलादेशसँग व्यापारको चाँजो-पाँजोमा भारतले भाँजो हालेको जगजाहेर छ । यसले बताउँछ - हाम्रो जलविद्युत् हाम्रो हातमा रहेन र जसरी भेनेजुयलाको तेलको खानी निजी नगरेकै कारण भेनेजुयलाका राष्ट्रपति र श्रीमती राष्ट्रपतिसमेत ट्रम्प प्रशासनले अचानक त्यस देशमा आक्रमण गरी अपहरण गरी लगेको हिजोकै कुरा हो ।

महाकाली सन्धिको सिलसिलामा नेपालका प्रधानमन्त्रीलाई वार्ताको अन्तिम निष्कर्षमा एक्लै लगेर दिल्लीको दरबारमा सेनाको पहरामा राख्दा नेपाली प्रतिनिधिमण्डल आश्चर्यमा पर्दै प्रधानमन्त्रीलाई पर्खेर बसेको थियो ।

अमेरिका र भारतमा राजदूत नेपालको अनुसार हुने होइन, तिनीहरूकै अनुरोधलाई पालन गर्ने हो । एमसीसीमा सबभन्दा पहिले नेपाली राजदूतले हस्ताक्षर गरेका थिए । अनि, नेपाली मन्त्री र संसद्ले अनुमोदन गरेका थिए । त्यही अमेरिकीहरू राजदूत नेपालै नआई भारतमा राजदूत भए; उनी पहिले योजना आयोगका सदस्य थिए । यसकारण, नेपालको प्राकृतिक स्रोत नेपालको हुँदैमा राजनीतिमा नेपालीकै हातमा नपुगेसम्म त्यसले 'समृद्धि' आउने होइन बरु देशमा गरिबी, विध्वंश र अरुको खेलको मैदान हुन सक्ने हुँदा नेपाली जनता रातमा मस्तसित नसुती चनाखो हुनुपर्छ !


# डाक्टर हुसाम अबु सफियालाई तुरुन्तै रिहा गर !

*(नरसंहार भएको हजार दिन र डाक्टर अबु साफियालाई थुनामा राखिएको ५०० दिनभन्दा बढी नाघिसक्यो । हामीले यी दुवैको अन्त्य गर्न तत्काल कदम चाल्न आवश्यक छ ।)*

डा. हुसम अबु सफियाको जीवन अत्यन्त खतरामा छ । इजरायलको नित्जान जेलको एक भागमा रहेको भूमिगत सोधपुछ केन्द्रमा बिहीबार उहाँलाई भेटेपछि उनका वकिल नासेर ओदेहले यो बताएका हुन् ।

यदि हामीले तुरुन्तै कदम चालेनौँ भने, गाजाले अर्को एक प्रतिभाशाली डाक्टर गुमाउन सक्छ र इजरायल अर्को क्रूरतापूर्ण अपराधबाट उम्कन सक्छ ।

प्यालेस्टिनी बालरोग विशेषज्ञ तथा अस्पताल निर्देशक अबु सफियाले पहिलो पटक डिसेम्बर २७, २०२४ मा विश्वव्यापी चर्चा पाए । त्यस दिनको भिडियो फुटेजमा उनले सेतो डाक्टरको



गाजाका प्यालेस्टिनी डाक्टर हुसम अबु साफिया जून १०, २०२६ मा पश्चिम जेरुसेलममा इजरायली सर्वोच्च अदालतको सुनुवाइमा भिडियो लिङ्कमार्फत उपस्थित हुँदै । *(रोयटर्स)*

कोट लगाएको र बमले ध्वस्त पारिएको भग्नावशेषबाट उत्तरी गाजा सडकको हुँदै इजरायली सैनिकहरू उनलाई पर्खिरहेका बख्तरबन्द गाडीतिर हिँडिरहेको देखाइएको थियो ।

उनी कुनै सेनालाई आत्मसमर्पण गरिरहेका थिएनन्; उनी ८५ दिनको घेराबन्दीपछि सानो तर महत्त्वपूर्ण कमल अदवान अस्पताललाई आत्मसमर्पण गरिरहेका थिए किनभने उनका कर्मचारी र बिरामीहरूलाई बन्दुकको नोकमा छोड्न बाध्य पारिएको थियो । एउटा अस्पताल जुन अन्तर्राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय नेता र संयुक्त राष्ट्र सङ्घद्वारा सुरक्षित गरिनुपर्ने थियो तर त्यसको सट्टा आक्रमण गरियो, औषधि, बिजुली र आपूर्तिबाट वञ्चित गरियो ।

डिसेम्बर ६, २०२४ मा इजरायली सेनाले अस्पतालमा आक्रमण गर्दा कम्तीमा ३० जनाको मृत्यु भएको थियो भने २० जना घाइते भएका थिए । जब उनका किशोर छोरा इब्राहिमको अस्पताल बाहिर मारियो, अबु साफिया आफैँले अन्त्येष्टि प्रार्थना गरे र तुरुन्तै आफ्ना बाल बिरामीहरूकहाँ फर्किए ।

अबु सफियाको स्वतन्त्रताको अन्तिम क्षणहरूको फोटो र भिडियो विश्वभर सामाजिक सञ्जालमा साझा गरिएको थियो, जसले लाखौँको ध्यान खिच्दै र सामाजिक सञ्जाल सक्रियता अभियानको सीमा प्रदर्शन गरेको थियो । विश्वव्यापी ध्यानाकर्षणले न त उनको वा गाजाकै भाग्य बदल्यो, न त दुष्ट राज्य इजरायलको राजनीति परिवर्तन भयो ।

अबु सफिया 'आतङ्कवादी' होइनन् न त 'लडाकु' नै । यदि केही हो भने, उनी जीवनका रक्षक हुन् जो आफ्ना बिरामीहरूको साथमा उभिन्छन् : इजरायली विस्तारवादी कब्जामुनि रहेका प्यालेस्टिनी बालबालिका, बम विस्फोट निशानामा परेका, स्नाइपर फायर र इजरायली घेराबन्दीले व्यापक भोकमरी, तिर्खा, रोग र अकाल मृत्यु निम्त्याएकाहरू; यी मध्येका रक्षक हुन् उनी ।

इजरायलले अबु सफिया 'हमाससँग सम्बद्ध' भएको दाबी गरेको छ र उनलाई गैरकानुनी लडाकु कानुनअन्तर्गत हिरासतमा राखिएको छ । यी आरोपहरू प्रमाणित गर्न कुनै प्रमाण प्रस्तुत गरिएको छैन, कुनै फौजदारी अभियोग लगाइएको छैन र कुनै पनि स्वतन्त्र पर्यवेक्षकले उनको नजरबन्दलाई औचित्य प्रमाणित गर्न भनिएको गुप्तचर निकायको जाँच गर्न सकेको छैन ।

जून १० मा, अबु सफिया पाँच सय दिनभन्दा बढी क्रूर कारावासपछि अन्ततः सार्वजनिक रूपमा देखिए । उनी जेरुसलेममा इजरायली सर्वोच्च अदालतको सुनुवाइको क्रममा भयानक नफ्हा जेलबाट भिडियो लिङ्कमार्फत उपस्थित भएका थिए । उनलाई हत्कडी र साङ्लाले बाँधिएको थियो, उनी कमजोर र अस्वस्थ देखिन्थे तर उनको मुद्रा शान्त र मर्यादित थियो । एक महिनाभन्दा कम समयपछि उनका वकिलले नित्जान जेलमा उनलाई भेटे । बैठकको क्रममा उनलाई आफ्नो क्लाइन्ट चिन्न समस्या भइरहेको थियो किनभने उनलाई नराम्ररी कुटपिट गरिएको कारणले भेटघाटको क्रममा पनि चेत गुमाइरहेका थिए ।

अबु सफिया इजरायलले हिरासतमा लिएका सयौँ प्यालेस्टिनी स्वास्थ्यकर्मीहरूमध्ये एक हुन् । उनीसहित चौध जना डाक्टरहरू इजरायली हिरासत शिविर र जेलमा छन् । दुई जना डाक्टर जीवितै बाहिर निस्कन सकेनन् भने १,७०० स्वास्थ्यकर्मीहरू मारिएका छन् ।

किन इजरायलले प्यालेस्टिनी स्वास्थ्यकर्मी र अस्पतालका कर्मचारीहरूलाई पक्राउ गर्छ, थुन्छ, यातना दिन्छ र मार्छ ? दशकौँदेखि, इजरायली कब्जाकारी सेनाले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्दै प्यालेस्टिनी स्वास्थ्य सेवालाई लक्षित गर्दै आएका छन्, जसले गर्दा उनीहरूको बसोबासी-औपनिवेशिक परियोजनाको एक भागको रूपमा जातीय सफाया र सामूहिक दण्डलाई प्रवर्द्धन गरिएको छ । इजरायली ज्ञानहत्याको उद्देश्य प्यालेस्टिनी ज्ञान, पूर्वाधार र नागरिक समाजका सबै चिह्नहरू मेटाउनु हो ।

आफ्नो अपराध ढाकछोप गर्न, इजरायली सेनाले गाजाका अस्पतालहरूलाई प्यालेस्टिनी सशस्त्र प्रतिरोधका लागि सैन्य लुक्ने ठाउँ वा 'कमाण्ड सेन्टर' भएको दाबी गरेको छ । आजसम्म उनीहरूले यसको स्वतन्त्र, प्रमाणित प्रमाण प्रस्तुत गर्न सकेका छैनन् । म आफैँले गाजाका विभिन्न अस्पतालहरूमा २५ वर्षदेखि काम गरिरहेको छु, प्रायःजसो गाजा सहरको अल-शिफा अस्पतालमा । तर अस्पताल वा एम्बुलेन्सको त्यस्तो प्रयोगको कुनै प्रमाण कहिल्यै देखेको छैन ।

गाजाका अस्पतालहरूबाट प्यालेस्टिनी चिकित्सकहरू र अन्य कर्मचारीहरूको गिरफ्तारी, दुर्व्यवहार र यातनाको उद्देश्य गाजाका अस्पतालहरूको त्यस्तो प्रयोगको झूटो स्वीकारोक्ति गराउनु हो । असफलतापूर्वक ! मेरा सहकर्मीहरू कहिल्यै झुकेका छैनन् । उनीहरू सत्यको पक्षमा उभिएका छन् ।

तर, चिकित्साकर्मीहरूलाई हिरासतमा राख्नु र सामूहिक हत्या गर्नुको अर्को इजरायली प्रेरणा पनि छ । अस्पतालका कर्मचारीहरू साक्षी बस्छन् र इजरायली युद्ध अपराधको दस्ताबेजीकरणमा प्रत्यक्ष संलग्न छन् । नरसंहार सुरु भएदेखि नै अबु साफियाजस्ता बालरोग विशेषज्ञहरूले इजरायलले प्यालेस्टिनी बालबालिकालाई विनाश गर्ने उद्देश्यले जानाजानी लक्षित गरेको बारेमा चिन्ता व्यक्त गरेका थिए ।

उनीहरूले पहिलेदेखि भन्दै आएका कुराहरू अन्ततः हालै जारी गरिएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनमा समेटिएको छ, जसमा 'इजरायलले जानाजानी प्रत्यक्ष रूपमा प्यालेस्टिनी बालबालिकालाई निशाना बनाएको' र 'बाल्यकालको आत्मा' नष्ट गरेको स्पष्ट प्रमाण रहेको निष्कर्ष निकालिएको छ ।

गाजाका २४ हजारभन्दा बढी बालबालिका मारिएका छन्, हजार दिनसम्म इजरायली कब्जाकारी सेनाले प्रत्येक घण्टामा औसतमा एक प्यालेस्टिनी बालबालिकाको हत्या गरेको छ ।

सेप्टेम्बरसम्ममा मारिएका बालबालिकामध्ये कम्तीमा १ हजार ९ जना शिशु वा साना बच्चा थिए । यीमध्ये लगभग आधा (४५०) शिशुहरू युद्धको समयमा जन्मिएका र मारिएका थिए । कम्तीमा ४२ हजार एघाऱ्ह बालबालिका घाइते भएका छन् ।

दस लाख प्यालेस्टिनी बालबालिका इजरायली घेराबन्दीमा छन्, घरबारविहीन छन्, खाद्य असुरक्षित छन् र सुरक्षित पिउने पानी, नियमित विद्यालय शिक्षा वा उचित स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित छन् । गाजाका बालबालिकाको हत्या र अपाङ्गता दिनहुँ जारी छ ।

गाजाका एक वरिष्ठ बाल रोग विशेषज्ञले हालैसालै मलाई गाजाका स्कूले बच्चाहरूको जीवन यसरी वर्णन गर्नुभयो :

"हरेक बिहान स्कूलका विद्यार्थीहरूले गर्ने सबैभन्दा महत्त्वपूर्ण कामहरू यी हुन् : पहिलो, पानी खोज्ने, दोस्रो, खाद्य वितरण केन्द्रहरूमा खाना खोज्ने र तेस्रो, बाल्नको लागि प्रयोग गर्न सकिने केही फोहोर सङ्कलन गर्ने । ... त्यसैले हरेक बिहान, तपाईंले सयौँ बालकबालिका फोहोर थुप्रोमा डुब्दै, आगो बाल्न प्रयोग गर्न सकिने कुनै पनि चीज खोज्दै गरेको भेट्टाउनुहुन्छ ।"

गाजाका मारिएका र भोकाएका बच्चाहरू जस्तै, अबु सफिया इजरायलको दुष्ट प्रकृतिको एक प्रमुख प्रतीक हुन् । त्यसैले इजरायली अदालतले उनको रिहाइको अपिल अस्वीकार गर्दै इजरायली अधिकारीहरूले उनलाई यातना दिइरहेका छन् र एकान्त कारावासमा राखिरहेका छन् ।

गाजामा रहेका मेरा प्यालेस्टिनी सहकर्मीहरूले अबु साफियाको रिहाइको लागि मात्र आह्वान गरिरहेका छैनन्, अस्पतालहरूको लागि मानवीय राहत र चिकित्साकर्मीहरूलाई निशाना बनाउने कार्यको अन्त्य गर्न पनि आह्वान गरिरहेका छन् । उनीहरू कब्जा र घेराबन्दीको तत्काल अन्त्य र स्वास्थ्यलाई सम्भव बनाउने आधारभूत अवस्थाहरू : मानव सुरक्षा, मर्यादा, खाना, पानी, न्याय र नागरिक जीवनको सुरक्षाको पुनर्स्थापनाको माग गरिरहेका छन् । गाजामा अहिलेको मूल समस्या, जुन हजार दिनअघि पनि थियो; संयुक्त राज्य अमेरिका-समर्थित इजरायली औपनिवेशिक कब्जा, दुःखद घेराबन्दी, संरचनात्मक हिंसा र रंगभेद हो ।

न त इजरायली-नियन्त्रित केही अन्तर्राष्ट्रिय चिकित्सा टोलीहरूसहितको अन्तर्राष्ट्रिय ब्यान्ड-एडले वा निष्क्रिय निन्दासहितको अन्तर्राष्ट्रिय खाली सुगा रतानले परिस्थिति परिवर्तन गर्दैन । निवारक चिकित्सा दृष्टिकोणबाट अगाडि बढ्ने एक मात्र तरिका भनेको यो नरसंहार रोक्न, कब्जा अन्त्य गर्न र जीवन बचाउन कठोर औपचारिक अन्तर्राष्ट्रिय प्रतिबन्ध र इजरायललाई बहिष्कार गर्नु हो ।

समय सकिन्नै लाग्यो । इतिहासले हाम्रो मूल्याङ्कन गर्नेछ । कुनै बहाना चल्ने छैन ।

केही गर, अझ गर - या त भागिदार बन ।

यो हाम्रो जिम्मेवारी हो; यो प्रत्येक पश्चिमी-पूर्वी राजनीतिज्ञ, संसद् र सरकारको जिम्मेवारी हो । सबैले आफ्नो हिस्सा लिन सक्छन् । सक्रिय हुनुहोस्, विरोध गर्नुहोस् र प्यालेस्टिनी जनताको न्यायपूर्ण सङ्घर्ष र प्रतिरोधको लागि



डाक्टर हुसम अबु सफियालाई इजरायली सैनिकहरूले डिसेम्बर २७, २०२४ मा हिरासतमा लिएका थिए । (स्क्रिनसट/अल जजीरो)

ऐक्यबद्धता र समर्थनलाई सङ्गठित गर्नुहोस् ।

सत्र वर्ष पहिले सन् २००९ मा गाजामा भएको इजरायली युद्धको समयमा, मैले अल-शिफा अस्पतालबाट कराएँ:

"हामी मृत्यु, रगत र अङ्गभङ्गहरूका बिच डुबिरहेका छौँ । धेरै बच्चाहरू । गर्भवती महिलाहरू । मैले कहिल्यै यति भयानक अनुभव गरेको छैन । हामी कहिले ट्याङ्क आएको सुन्छौँ । भन्नुहोस्, यसलाई प्रसार गर्नुहोस्, चिच्याउनुहोस । जे पनि । केही गर ! अझै गर ! हामी अब इतिहासका किताबहरूमा बाँचिरहेका छौँ, हामी सबै ।"

केही गर ! अझै गर ! पहिले कहिल्यै पनि यति अनिवार्य भएको थिएन ।

**- *मादस् गिल्बर्त***

# महान् नेता किम इल सङ, किम जोङ इल पार्टीको महान् ध्येय सदा विजयी रहन्छ

✍ किम जोङ उन

कोरियाली श्रमिक पार्टीले आम जनतालाई वैचारिक रूपमा ब्युँझाउँदै, साङ्गठनिक रूपमा गोलबन्द गर्दै पार्टी र नेतृत्वको वरिपरि आम जनतालाई एक ढिक्का पार्ने महत्त्वपूर्ण कार्यको रूपमा आम जनतालाई सच्चा नेतृत्व दिँदै आएको छ ।

पार्टीले आम जनतालाई वैचारिक, स्वेच्छिक र साङ्गठनिक रूपमा आफ्नो वरिपरि गोलबद्ध गर्दै, जुछे विचारले लैस गर्दै, एकल सामाजिक राजनैतिक अङ्गको रूपमा सङ्गठित गरेको छ । पार्टीले जनतालाई आफ्ना महान् क्रान्तिकारी उमङ्ग र अथक सृजनशीलताको प्रस्फुटनको लागि पनि प्रोत्साहित गरेको छ र क्रान्तिको उत्प्रेरक शक्तिको रूपमा उनीहरूका जिम्मेवारी र भूमिकालाई पूरा गराएको छ ।




हाम्रो देशमा कोरियाली जनसेनाका सबै कर्मचारी र अन्य जनता आफ्नो अटल निष्ठाको रूपमा पार्टीमा मार्गनिर्देशक विचारको रूपमा रहेको जुछे विचारले लैस भएका छन् र पार्टी वरिपरि एकमना एकत्व हासिल गरेका छन् । पार्टीको कार्यदिशा र नीतिहरूलाई कार्यान्वयन गर्न समर्पणका साथ काम गरिरहेका छन् । देशको सम्पन्नता र जनताको खुसीको लागि पार्टीको योजना र निर्णय राष्ट्रसेवी कर्मचारी र अन्य जनताको क्रान्तिकारी चाहना बनेको छ र उनीहरूले त्यसको कार्यान्वयन पनि गरिरहेका छन् ।

त्यसमा पनि नयाँ पुस्ताका युवाहरू कोरियाली श्रमिक पार्टीको भरपर्दो अजेय शक्तिको रूपमा र क्रान्तिको उत्तराधिकारीको रूपमा अगाडि आएका छन् । उनीहरूले जुछे क्रान्तिको ध्येयलाई हासिल गर्ने लडाकुको भूमिका निभाइरहेका छन् । यसरी हाम्रो देश संसारमै सबैभन्दा शक्तिशाली युवाशक्तिको रूपमा व्यापक रूपले परिचित छ । युवालाई आफ्नो समयका अभिनायकको रूपमा प्रशिक्षित गर्न र आफ्नो अग्रगामी शक्ति तथा सङ्गठनको रूपमा विकास गर्ने क्रममा पार्टीले इतिहासमै उल्लेखनीय ठुला उपलब्धिहरू हासिल गरेको छ ।

पार्टीसँग अहिले उत्कृष्ट सेना र जनता हाम्रा जनताका आकाङ्क्षाप्रति सुनिश्चित रहँदै समाजवाद निर्माणमा आइपरेका सबै समस्यालाई पार्टीले समाधान गरेको छ । विदेशी शक्तिको हस्तक्षेप र दबाबलाई लल्कार्दै, जुछेउन्मुख समाजवादको बाटोमा, पार्टी लगातार र अविचलित अगाडि बढिरहेको छ । यस्तो साहसिक यात्राको परीक्षण कालमा पनि, हाम्रो मौलिक प्रकारको समाजवादको घाँटी थिच्ने, आक्रामक शक्तिहरूको घातक चालहरूलाई कठोरताका साथ लल्कार्दै, पार्टीले समाजवाद निर्माणलाई गति दिन दिगो प्रयास गरेको छ ।

कोरियाली श्रमिक पार्टीको जुछेउन्मुख कार्यदिशा अनुसार, पार्टीको विवेकपूर्ण नेतृत्वअन्तर्गत हाम्रो देशमा निर्माण भएको समाजवाद जनकेन्द्रित समाजवाद हो । त्यसैमा प्रयासहरूलाई पुन: दोब्बर पारेको छ । अपराजयी समाजवादी शक्तिको सामर्थ्य देखाइरहेको छ ।

सेना र जनताको नेतृत्व गर्दै यस पार्टीले विगत शताब्दीदेखि नयाँ शताब्दीसम्म निरन्तर आधिपत्य राख्दै आएका साम्राज्यवादीहरूसँगको शक्ति प्रदर्शनमा विजयको परम्परा नै स्थापना गरेको छ । यसरी देशको प्रतिष्ठा र सार्वभौमिकतालाई रक्षा गरेको छ, क्रान्तिका उपलब्धिहरूलाई उल्लेखनीय रूपमा रक्षा गरेको छ ।

यो संसारमा साम्राज्यवादको अस्तित्व कायम रहेसम्म आम जनताको स्वतन्त्रताको ध्येयलाई र शत्रुसँगको शक्ति प्रदर्शनलाई साथसाथै अगाडि बढाउनुपर्दछ । विगत शताब्दीदेखि हालसम्म पुस्ता-दर-पुस्ता चलिरहेको साम्राज्यवादविरोधी, जुछेमुखी सैन्य विचारको विजय थियो र लौह इच्छाशक्ति भएका गौरवशाली सेनानायक कमरेड किम इल सङको उत्कृष्ट सैन्य रणनीतिको विजय थियो । यो आफ्नो अनमोल मातृभूमिको लागि बिनाहिच्किचाहट आफ्नो जीवन उत्सर्ग गर्ने युद्धमा सहभागी राष्ट्रसेवी कर्मचारी अन्य जनताको देश रक्षा गर्ने साहसिक भावनाले ओतप्रोत विजय थियो ।

सोङ्गुनको शक्ति र सैन्यबलको शक्तिले हरेक चरणमा अतिक्रमण गर्ने शत्रुका निरन्तर योजनालाई चकनाचुर पार्दै, युद्ध पछिका विगत दशकहरूमा साम्राज्यवादी गठबन्धन शक्तिसँगको शक्ति प्रदर्शनमा यो पार्टी सधैँ विजयी रहँदै आएको छ ।

हालैको समयमा पनि रौँ रौँको स्थिति सृजना हुँदा आफ्नो नेतृत्व क्षमताको प्रदर्शनले देशमाथि आइपरेका समस्यालाई पन्छाउन सफल भएको छ, यसरी युद्धको आम विनाशबाट राष्ट्रलाई बचाउन र संसारमा शान्ति र सुरक्षा कायम राख्न सफल भएको छ । कठोर भिडन्तको बेलामा देशको प्रतिष्ठा र सार्वभौमिकताको रक्षा गर्नु र क्रान्तिको उपलब्धिलाई जोगाउनु कोरियाली श्रमिक पार्टी वरिपरि एकमना रूपमा गोलबद्ध भएका सेना र जनताको ठुलो एकताको सामर्थ्य र हाम्रो भावनात्मक तथा भौतिक उच्चताले ओतप्रोत ठुलो विजय थियो ।

स्वतन्त्रता, सोङ्गुन र समाजवादको झण्डामुनि जुछे समाजवादको ध्येयलाई हासिल गर्ने यस पार्टीले हासिल गरेका अमर पराक्रमहरू र मूल्यवान अनुभवहरू, हाम्रो क्रान्तिको विजयी अग्रता र आम जनताको स्वतन्त्रताको उद्देश्य कार्यान्वयनमा ऐतिहासिक महत्त्व राख्दछन् ।

जुछेको फरफराउँदो झण्डामुनि यस भूमिमा अपराजय समाजवादी शक्ति निर्माण गरेर कोरियाली श्रमिक पार्टीले अन्तर्राष्ट्रिय रणभूमिमा हाम्रो गणतन्त्रको इज्जत र हैसियतलाई निकै उचो राखेको छ । जुछे क्रान्तिको ध्येयलाई हासिल गर्ने र देशको सम्पन्नताको लागि दिगो जग बसाल्ने काम गरेको छ ।

विश्वका शक्ति राष्ट्रहरूको रणभूमिको परिवेशमा सफलताका साथ समाजवादको रक्षा गर्ने र हराभरा देश निर्माण गर्ने सङ्घर्षलाई नेतृत्व गरेको छ । त्यसैगरी आम जनताको स्वतन्त्रताको ध्येय न्यायपूर्ण हुन्छ र समाजवाद वैज्ञानिक हुन्छ भन्ने कुरा स्पष्टसँग देखाएको छ ।

आफ्नो ऐतिहासिक सङ्घर्षको अवधिभरि, कोरियाली श्रमिक पार्टीले यस पृथ्वी ग्रहमा समाजवाद र न्याय जीवन्त रहन्छन् । साम्राज्यवादको जञ्जिर र मनपरी तन्त्रमाथि समाजवाद र न्यायले सर्वोच्चता हासिल गर्दछन् । साम्राज्यवादविरोधी स्वतन्त्रता र समाजवादको दिशामा अगाडि बढ्ने समयको प्रवाहलाई कसैले रोक्न सक्दैन भन्ने ऐतिहासिक सच्चाइलाई प्रमाणित गरेको छ ।

किम इल सङ र किम जोङ इलको महान् पार्टीको पवित्र क्रान्तिकारी ध्येय सदा विजयी रहनेछ र यस पार्टीको मार्गनिर्देशन रहँदासम्म, हाम्रो क्रान्तिको अन्तिम विजय सुनिश्चित छ । यस कोरियाली श्रमिक पार्टीको गौरवमय ७० वर्षको इतिहासको निष्कर्ष पनि यही हो ।

महान् किम इल सङवाद र किम जोङ इलवादको फरफराउँदो झण्डामुनि जुछे-क्रान्तिको ध्येय हासिल गर्नु कोरियाली श्रमिक पार्टी र यसको अटल इच्छाको ऐतिहासिक कार्यभार हो ।

किम इल सङवाद र किम जोङ इलवाद कोरियाली श्रमिक पार्टीको मार्ग-दर्शक सिद्धान्त हो । यो नै विजयको अनन्त ध्वजा पनि हो ।

हामी महान् किम इल सङवाद र किम जोङ इलवादले देखाएको लक्ष्यउन्मुख जुछे मार्गमा निरन्तर अगाडि बढ्नुपर्दछ ।

हामीले यस पार्टीलाई अनन्त रूपमा कमरेड किम इल सङ र किम जोङ इलको पार्टीको रूपमा विकास गर्नुपर्दछ ।

हामीले महान् कमरेड किम इल सङ र किम जोङ इललाई कोरियाली श्रमिक पार्टीको अनन्त नेतृत्वको उचाइमा खडा गर्नुपर्दछ र उहाँहरूको विचार र चाहनाअनुसार यस पार्टीको निर्माण र कार्यक्रमलाई सञ्चालन गर्नुपर्दछ ।

हामीले कोरियाली श्रमिक पार्टी निर्माणको लागि उहाँहरूको विचार र मेहनतलाई








छन्, प्रशंसायोग्य जनता छन्, जनता र सेनालाई विश्वास गर्ने नेतृत्व छ । उनीहरूले जस्तोसुकै प्रतिकूलतामा पनि पार्टीका ध्येयप्रति असीम निष्ठा राख्दछन् । यही नै कोरियाली श्रमिक पार्टीको ठुलो इज्जत र गर्वको कुरा हो र यसैमा पार्टीको ७० वर्ष लामो सदा विजयी ऐतिहासिक चरणको रहस्य लुकेको छ ।

स्वतन्त्रताको लागि जनताको माग र आदर्शको मूर्तीकरण हुने जुछेमुखी समाजवाद निर्माण नै यस पार्टीको ऐतिहासिक परिश्रमको प्रतिफल हो ।

समाजवाद नै श्रमिक जनताको लक्ष्य हो । समाजवादको निर्माण नै क्रान्तिकारी पार्टीहरूको सबैभन्दा महत्त्वपूर्ण जिम्मेवारी हो । जनताको आदर्शसँग एकाकार हुँदै सच्चा समाजवाद निर्माणको लागि कोरियाली श्रमिक पार्टीले नयाँ बाटो खोल्यो । यस लक्ष्यको सङ्घर्षको समग्र बाटोमा पार्टी जुछेमुखी क्रान्तिकारी कार्यदिशा र क्रान्तिप्रति निरन्तर रूपमा आबद्ध रहँदै आएको छ ।

पार्टीको आफ्नै शक्तिमा भर परेर, हाम्रो देशको विशिष्ट अवस्था र स्वतन्त्रताको लागि, आम जनता राज्य र समाजका सच्चा मालिक भएका छन् । उनीहरूको स्वतन्त्रताको माग पनि पूर्ण रूपमा पूरा गरिएका छन् ।

हाम्रा जनताले राज्य तथा सामाजिक जीवनका सबै पक्षमा, मालिकको रूपमा आफ्ना अधिकारहरूको अभ्यास गर्दछन् र हाम्रो देशमा जनताको माग र हितलाई पहिलो प्राथमिकता दिई जनतालाई सम्मान र प्रेम गर्ने राजनैतिक व्यवस्था कायम गरिएको छ । हाम्रो समाजवाद जनताको लागि सच्चा समाजवाद अर्थात् जनताकेन्द्रित समाजवाद भएको कारण जनताले यसलाई आफ्नो प्राण जस्तै प्यारो ठान्दछन् र आफ्नो समाजवादी धर्तीलाई सिँगार्न जतिसक्यो चाँडो यसलाई हराभरा समाजवादी देशको रूपमा विकास गर्न समर्पणका साथ लागि पर्दछन् ।

कोरियाली श्रमिक पार्टीको विवेकपूर्ण नेतृत्व मातहत पार्टीप्रति निष्ठा राख्ने जनताको समर्पित सङ्घर्षको कारण हाम्रो देश छोटो ऐतिहासिक अवधिमा प्रतिष्ठित राजनैतिक वैचारिक र सैन्य शक्तिको रूपमा उदय भएको छ । यतिबेला यसले नयाँ शताब्दीमा ज्ञान आधारित अर्थव्यवस्था र समाजवादी सभ्यताको निर्माणमा आफ्ना अमेरिकाविरोधी सङ्घर्षमा हाम्रो देश नै अग्रमोर्चामा रहेको कारण साम्राज्यवादको अतिक्रमणबाट राष्ट्रको प्रतिष्ठा, सार्वभौमिकता र क्रान्तिको उपलब्धि रक्षा गर्ने कार्य विशेष रूपमा महत्त्वपूर्ण कार्यभारको रूपमा आएको छ ।

सैन्य मामलालाई महत्त्व दिने कार्यदिशा, सिद्धान्तमा निरन्तर अडिग रही यस पार्टीले क्रान्तिकारी सशस्त्र फौज निर्माण गर्ने र देशको प्रतिरक्षा क्षमता बढाउन सबैभन्दा महत्त्वपूर्ण राष्ट्रिय मुद्दाको रूपमा रहेको सैन्य मामलालाई अगाडि सारेको छ र केन्द्रमा कोरियाली जनसेना भएको देशको शक्तिशाली प्रतिरक्षा क्षमतामा भरपरी अमेरिकी साम्राज्यवादसँगको निरन्तर शक्ति प्रदर्शनमा एकपछि अर्को विजय हासिल गर्दै आएको छ ।

किम इल सङको विवेकपूर्ण नेतृत्वमा हाम्रा युवा, कोरियाली जनसेना र जनताले आफूलाई संसारमै सबैभन्दा बलियो भनी घमण्ड गरिरहेको अमेरिकी साम्राज्यवादजस्तो तुलना नै गर्न नसकिने आफूभन्दा निकै शक्तिशाली शत्रुलाई पराजित गर्ने- पितृभूमि स्वतन्त्रता सङ्ग्राममा ऐतिहासिक चमत्कार देखाएका छन् । यो गौरवमय विजय रूपमा दु:ख पाइरहेको कोरियाली प्राय:द्विपको भू-राजनैतिक भाग्यको सिद्धान्त अब इतिहासको विषय बनेको छ । हाम्रो समाजवादी गणतन्त्रले आफ्नो भाग्यको मालिक आफै बन्ने र यस क्षेत्रलगायत समग्र विश्वको भू-स्थितिमा विकासको लागि उत्प्रेरक शक्ति बन्ने आफ्नै प्रकारको अधिकार र प्रभावको अभ्यास गरेको छ ।

अमेरिकी साम्राज्यवाद र त्यसका पिछलग्गूले जस्तोसुकै दुस्साहस गरे तापनि यो पार्टी र हाम्रा जनता आफ्ना सामर्थ्य प्रविधि र स्रोत साधनको अधिकत्तम उपयोगले आफ्नै प्रकारको जल्दोबल्दो समाजवादी राष्ट्र निर्माण गर्ने काममा अगाडि बढी, जनताको स्वर्ग निर्माण गर्न र देश तथा राष्ट्रको अनन्त समुन्नति हासिल गर्न सक्षम भएका छन् । एकमना एकता र शक्तिशाली प्रतिरक्षा क्षमताको कारणले उनीहरू यसो गर्न सक्षम भएका छन् र त्यसको केन्द्रमा हाम्रो आणविक प्रतिरोध रहेको छ ।

यस पार्टीले आम जनताको स्वतन्त्रताको ध्येय, समाजवादको ध्येयको उपादेयता र विजयको अनिवार्यतालाई व्यवहारमै प्रमाणित गरेको छ ।

पार्टीले सबैभन्दा बिग्रिएको अवस्था र बफादारिताका साथ रक्षा गर्नुपर्दछ, उहाँहरूको इज्जत बढाउने काम गर्नुपर्दछ । पार्टी निर्माणमा उहाँहरूको विचार र निर्देशनलाई दह्रोगरी पक्डिएर पार्टीका भ्रातृ सङ्गठनहरूले अन्तिम समयसम्म बिना कुनै विचलन यिनीहरूको कार्यान्वयन गर्नुपर्दछ, उहाँहरूको नेतृत्वको परिश्रमको इज्जत चम्काउने कार्यलाई निरन्तर तिव्रता दिइरहनुपर्दछ ।

हामीले अझ दह्रो गरी पार्टीको एकीकृत नेतृत्व स्थापना गर्नुपर्दछ ।

समग्र पार्टी पङ्क्तिलाई महान् किम इल सङवाद र किम जोङ इलवादको विचार निष्ठा र नमुनाअनुसार स्पष्ट गर्नुपर्दछ ।

कोरियाली श्रमिक पार्टीका सबै पदाधिकारी र अन्य सदस्यहरूले आफूमा यस कोरियाली श्रमिक पार्टीको क्रान्तिकारी विचारबाहेक अन्य कुनै विचारबारे जानकारी नभएको भन्ने अविचलित विश्वासलाई बढाउनुपर्दछ । सबै प्रकारका बाहिरी वैचारिक प्रवृत्तिहरूका विरुद्धमा सम्झौताहीन सङ्घर्ष सञ्चालन गर्नुपर्दछ र पार्टीको निरपेक्ष वैचारिक शुद्धतालाई सुनिश्चित गरिनुपर्दछ ।

-क्रमश:




भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अस्ट्रेलिया भ्रमणको विरोधमा मेलबर्नस्थित डकल्यान्ड स्टेडियममा विरोध प्रदर्शन गर्दै भारतीय मूलका अस्ट्रेलियालीहरू तथा मानव अधिकारवादी कार्यकर्ताहरू जुलाई ९,२०२६ का दिन। प्रदर्शनकारीहरूले भारत-अस्ट्रेलियाबिच भएको युरेनियम खरिद सम्झौता र रक्षा सम्झौताको पनि विरोध गरेका छन्।

*तस्बिर : विलियम वेस्ट/एएफपी*

# अलि खामेनीको अन्त्येष्टिमा हजारौँ सहभागी

नजाफ (इराक), २५ असार (एपी)। इरानका दिवङ्गत सर्वोच्च नेता आयातोल्लाह अलि खामेनीको अन्त्येष्टि कार्यक्रमअन्तर्गत इराकका पवित्र सहर नजाफ र कर्बलामा बुधबार हजारौँ शोकाकुल सहभागी भएका छन्। अत्यधिक भीडका कारण केही समय शवयात्रा अव्यवस्थित बनेपछि शव बोक्ने टोलीले कफिनलाई सुरक्षित राख्न भुइँनजिक झार्नुपरेको थियो।

फेब्रुअरीको अन्त्यतिर अमेरिका र इजरायलले इरानमाथि गरेको व्यापक आक्रमणमा ८६ वर्षीय खामेनीको मृत्यु भएको थियो। उहाँ युद्धका क्रममा मारिएका वरिष्ठ इरानी नेतामध्ये एक हुनुहुन्थ्यो। उहाँको अन्त्येष्टिका कारण केही समय रोकिएको अमेरिका-इरान वार्ताबिच पछिल्ला दिनमा पुनः सैन्य तनाव चर्किएको छ। तेहरानले हर्मुज जलधाँटीमा तीन जहाजमाथि आक्रमण गरेको आरोप लगाउँदै अमेरिकी सेनाले बुधबार इरानमा आक्रमण गरेको थियो भने त्यसको जवाफमा इरानले कुवेत र बहराइनस्थित अमेरिकी सैन्य लक्ष्यमा प्रहार गरेको जनाएको छ।

तेहरानमा शनिबारदेखि सुरु भएको अन्त्येष्टि कार्यक्रमपछि खामेनीको पार्थिव शरीर इराक ल्याइएको हो। विश्वभरका शिया मुस्लिमका लागि अत्यन्त पवित्र मानिने नजाफमा मङ्गलबार पार्थिव शरीर पुगेपछि हजारौँ समर्थकले स्वागत गरेका थिए। इरानी राष्ट्रपति मसुद पेजेस्कियान, विदेशमन्त्री अब्बास अराघची तथा अन्य वरिष्ठ अधिकारीले शवयात्रामा सहभागिता जनाउनुभएको थियो। इस्लामिक गणतन्त्रको झण्डाले ढाकिएको काँचको कफिनमा राखिएको पार्थिव शरीरलाई श्रद्धाञ्जलि दिन समर्थकहरूको ठूलो भीड जुटेको थियो।

नजाफस्थित इमाम अलीको पवित्र मन्दिरमा वरिष्ठ धर्मगुरु मुहम्मद ताकी अल-हाकिमले अन्त्येष्टि प्रार्थनाको नेतृत्व गर्नुभयो। कफिन मन्दिरतर्फ लैजाँदा श्रद्धाञ्जलि अर्पण गर्न आतुर भीडले धक्का दिएपछि अवस्था केहीबेर नियन्त्रणबाहिर गएको थियो। कफिन ढल्न सक्ने अवस्था आएपछि शव बोक्ने टोलीले त्यसलाई तल झारेर सुरक्षित रूपमा अगाडि बढाएको थियो।

अन्त्येष्टिमा सहभागी जाफर जवादले खामेनीको पार्थिव शरीर नजाफ ल्याइनु इराकका लागि ठूलो सम्मान भएको बताउँदै उहाँप्रति आफ्नो निष्ठा कायम रहने प्रतिक्रिया दिनुभयो।

त्यसपछि पार्थिव शरीर कर्बला लगिएको थियो। इमाम हुसेनको समाधिस्थल रहेको कर्बलामा पनि हजारौँ समर्थक उपस्थित भएका थिए। इराकका प्रमुख शिया धर्मगुरुका प्रतिनिधि अब्दुल महदी अल-कारबालेईले त्यहाँ अन्त्येष्टि प्रार्थनाको नेतृत्व गर्नुभयो। यहाँ पनि श्रद्धाञ्जलि दिन भीड अत्यधिक भएपछि कफिन पटक-पटक हल्लिएको थियो। आयोजकहरूले स्थिति नियन्त्रणमा लिन कफिनलाई भुइँमा राखेर श्रद्धाञ्जलिको व्यवस्था मिलाएका थिए।

यसैबिच, इरानका नयाँ सर्वोच्च नेता आयातोल्लाह मोजताबा खामेनी अन्त्येष्टि कार्यक्रममा सहभागी हुनुभएको छैन। आफ्ना पिताको ज्यान गएको हवाई आक्रमणमा घाइते भएपछि उहाँ सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ।

# हर्मुजमा फेरि अमेरिका-इरान भिडन्त

तेहरान, २५ असार (एएफपी)। रणनीतिक महत्त्वको हर्मुज जलधाँटीलाई केन्द्र बनाएर अमेरिका र इरानबिच दोस्रो दिन पनि सैन्य आक्रमण र प्रतिआक्रमण जारी रहेको छ। समुद्री मार्गको नियन्त्रण, अन्तर्राष्ट्रिय जहाजहरूको आवतजावत तथा क्षेत्रीय सुरक्षालाई लिएर दुवै पक्षबिच तनाव चुलिँदा मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ।

अमेरिकी सेनाले हर्मुज जलधाँटीमा अन्तर्राष्ट्रिय जहाजहरूको स्वतन्त्र आवागमनलाई जोखिममा पार्ने इरानको क्षमता कमजोर पार्ने उद्देश्यले पछिल्लो सैन्य कारबाही गरिएको जनाएको छ। अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार करिब ९० वटा सैन्य लक्ष्यमा आक्रमण गरिएको छ। इरानको उत्तरपूर्वस्थित रेल पुल, तटीय बुसेहरस्थित सैन्य आधार, बन्दर अब्बास, कोणार्क, चाबहार तथा किश टापु आसपासका क्षेत्रमा विस्फोट भएका छन्। केही स्थानमा विद्युत् आपूर्तिसमेत अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन्।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स (आइआरजिसी) ले त्यसको प्रत्युत्तरस्वरूप बहराइन र कुवेतस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको जनाएको छ। बहराइनको राजधानी मनामामा विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताले बताएका छन् भने कुवेतले शत्रुतापूर्ण क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू अवरोध गरिएको जनाएको छ। अमेरिकी अधिकारीका अनुसार इरानको पछिल्लो आक्रमणबाट अमेरिकी पक्षमा कुनै ठूलो क्षति वा मानवीय हताहत भएको छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम समाप्त भएको बताउँदै थप वार्ताका लागि ढोका भने खुला रहेको उल्लेख गर्नुभएको छ। उहाँले ट्रुथ सोसलमार्फत इरानले व्यापारिक जहाजमाथि गरेको आक्रमणको प्रतिशोधस्वरूप अमेरिकी कारबाही गरिएको दाबी गर्दै पुनः यस्ता गतिविधि भए अझ कडा जवाफ दिइने चेतावनी दिनुभयो। एयरफोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले इरानी पक्षबाट सम्पर्क भएको दाबी गरे पनि त्यसबारे थप विवरण सार्वजनिक गर्नुभएन।

यसैबिच, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर घालीबाफले हर्मुज जलधाँटी इरानी व्यवस्थाअन्तर्गत मात्र सञ्चालन हुने स्पष्ट पार्नुभएको छ। उहाँले अमेरिकाले धम्की र प्रतिबद्धता उल्लङ्घनको परिणाम नहुने ठान्न नहुने चेतावनी दिँदै इरानमाथि आक्रमण भए जवाफ पनि त्यहीअनुसार दिइने बताउनुभयो।

फेब्रुअरीमा अमेरिका-इजरायल आक्रमणपछि सुरु भएको युद्धयता इरानले हर्मुज जलधाँटीमाथि नियन्त्रण कायम राख्ने नीति अघि बढाउँदै आएको छ। तेहरानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क लिने र तोकिएको मार्गबाट विचलित हुने जहाजमाथि कारबाही गर्ने चेतावनी दिँदै आएको छ। हालैका दिनमा इरानले कम्तीमा तीनवटा जहाजमा आक्रमण गरेको घटनापछि अमेरिकाले व्यापक सैन्य कारबाही थालेको हो।

पछिल्ला आक्रमणहरू फेब्रुअरी २८ मा युद्धको सुरुआतमै मारिएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीको बिहीबार हुने अन्त्येष्टिअघि भएका हुन्। प्रारम्भिक आक्रमणमा दुवै पक्षले दर्जनौँ लक्ष्यमा प्रहार गरेको बताएका छन्। इरानी सरकारी टेलिभिजनका अनुसार आठ जना इरानी सैनिक मारिएका छन् भने सेन्टकमले यसअघि ८० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको जनाएको थियो।

क्षेत्रीय तनाव बढिरहेका बेला संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गर्नुभएको छ। अमेरिका-इरान संवादका मध्यस्थकर्तामध्ये एक पाकिस्तानले पनि तनाव नियन्त्रणका लागि कूटनीतिक पहल आवश्यक रहेको जनाएको छ। इरानी विदेशमन्त्री अब्बास अराघची र कतारका प्रधानमन्त्रीबिच भएको टेलिफोन वार्तामा पनि क्षेत्रीय समस्या समाधानका लागि कूटनीतिक माध्यमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको इरानले जनाएको छ।

हर्मुजको अर्को किनारमा रहेको ओमानले बहराइन, कुवेत तथा व्यापारिक जहाजमाथि भएका आक्रमणको निन्दा गरे पनि कुनै पक्षलाई प्रत्यक्ष दोष दिएको छैन। ओमानले युद्धभरि तटस्थ भूमिका कायम राख्दै जलधाँटीको प्रशासन र समुद्री सुरक्षासम्बन्धी विषयमा वार्तालाई निरन्तरता दिइरहेको छ। अमेरिका जहाजहरूको निःशुल्क आवागमनको पक्षमा रहे पनि इरानले शुल्क प्रणाली लागू गर्नुपर्ने अडान दोहोऱ्याउँदै आएको छ।

गत महिना अमेरिका र इरानबिच शत्रुता अन्त्य गर्ने सहमतिपछि केही समय समुद्री यातायात पुनः सञ्चालनमा आएको थियो। तर पछिल्लो तनावपछि पुनः जोखिम बढेको छ। अन्तर्राष्ट्रिय समुद्री सङ्गठन (आइएमओ) का प्रमुख आर्सेनियो डोमिङ्गेजका अनुसार करिब छ हजार नाविक अहिले पनि यस क्षेत्रका विभिन्न जहाजमा फसेका छन्।

# इरानद्वारा अमेरिकी आक्रमणकारी कार्यको निन्दा

संयुक्त राष्ट्रसङ्घ २५ असार (सिन्हवा)। संयुक्त राज्य अमेरिकाले बारम्बार गरेका आक्रमणकारी कार्यहरू संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको विरुद्धमा भएको भन्दै इरानले कडा शब्दहरूमा निन्दा गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र जुलाईका लागि सुरक्षा परिषद्का अध्यक्षलाई सम्बोधन गरेर लेखिएको पत्रमा संयुक्त राष्ट्र सङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर सइद इरवानीले अमेरिकाले दक्षिणी इरानका प्रतिष्ठानहरूमा पुनः ठूलो मात्रामा सैन्य आक्रमण गरेको बताउनुभएको छ।

निरन्तर भएका इरानविरोधी आक्रमणका कार्यहरू संयुक्त राष्ट्रको बडापत्रको धारा- २ (४) र इस्लामाबाद सम्झौताको अनुच्छेद -१ को विरुद्ध भएको उहाँले प्रष्ट पार्नुभएको छ।

नागरिक सुविधाहरूलाई जानाजानी लक्षित गरी आक्रमण गर्नुका साथै इरानविरुद्ध सैन्य बलको निरन्तर गैरकानुनी प्रयोगले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि गम्भीर खतरा उत्पन्न गरेको विषयमा जोड दिँदै उहाँले अमेरिकाले अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको पूर्ण अवहेलना गरेको बताउनुभएको छ।

अमेरिकाले आफ्नो गैरकानुनी बल प्रयोगबाट उत्पन्न हुने सबै परिणामहरूको पूर्ण जिम्मेवारी वहन गर्नु पर्नेसमेत इरवानीले बताउनुभएको छ।

## मध्यपूर्वमा तनाव बढ्दै जाँदा सबै पक्षलाई संयमता अपनाउन पाकिस्तानको आग्रह

इस्लामावाद, २५ असार (सिन्हवा)। मध्यपूर्वमा चलिरहेको चरणबद्ध वार्तको प्रयासको बावुजुद पुनः भडिकएको तनावप्रति गहिरो चिन्ता व्यक्त गर्दै सबै पक्षलाई संयमता अपनाई वार्ता र कूटनीतिमार्फत मतभेद समाधान गर्न पाकिस्तानले आग्रह गरेको छ।

विज्ञप्ति जारी गर्दै पाकिस्तानले संयुक्त राज्य अमेरिका र इरानबिचको नयाँ द्वन्द्व "कसैको पनि हितमा नभएको बताउँदै यस्ता क्षेत्रीय शान्ति र स्थिरतालाई थप कमजोर पार्ने कार्यहरूबाट टाढा रहन सबै पक्षहरूलाई आह्वान गरेको छ।"

यस क्षेत्रमा शान्तिको साझा लक्ष्य हासिल गर्न निरन्तर संलग्नता, संवाद र कूटनीतिको कुनै विकल्प नभएको विज्ञप्तिमा उल्लेख गरिएको छ। विदेश कार्यालयले सबै पक्षहरूलाई इस्लामाबाद समझदारी ज्ञापनपत्र अनुसार आ-आफ्नो प्रतिबद्धता कायम राख्न आग्रह गर्दै समझदारी पत्रलाई यस क्षेत्रको लागि आपसी साझा समृद्धिको स्थायी आधारको रूपमा वर्णन गरेको छ।

यसैबिच पाकिस्तान क्षेत्रीय शान्ति र स्थिरतालाई समर्थन गर्न आफ्नो भूमिका निर्वाह गर्न सधैं तयार रहेकोसमेत जनाएको छ।

## चीनमा बाढीका कारण ३९ जनाको मृत्यु : नौ अझै बेपत्ता

पेइचिङ, २५ असार (क्युएनए)। दक्षिणी चीनको गुआङ्सी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाउनेको सङ्ख्या बढेर ३९ जना पुगेको र नौ जना अझै बेपत्ता रहेको चीनको सरकारी मिडियाले जनाएको छ।

चरम मौसम प्रकोपले यस हप्ता दक्षिणी र मध्य चीनमा विनाश गरेको छ भने गुआङ्सीमा भारी वर्षाका गम्भीर बाढी आएको जनाइएको छ। पछिल्लो समयमा बावी नाम दिएको आँधी पूर्वी प्रान्ततिर गइरहेको जनाइएको छ।

चीनको समाचार एजेन्सी सिन्ह्वाले रिपोर्ट गरे अनुसार २६ जनाको मृत्यु लिउलन जलाशयमा बाँध भाँचिएर आएको बाढीका कारण भएको थियो भने सात जना अझै बेपत्ता छन्।

एउटा उद्धार टोलीले अर्कातिर फसेका मानिसहरूलाई खाना र आपूर्ति बोकेको ठूलो ड्रोनहरू पठाउँदा जलाशयको पानी अझै पनि बाढीको रूपमा बगिरहेको जनाइएको छ।

## अस्ट्रेलिया र भारतबिच युरेनियम आपूर्ति गर्ने सम्झौता

मेलबर्न, २५ असार (एएफपी)। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अस्ट्रेलियाको भ्रमणमा रहेको समयमा अस्ट्रेलिया र भारतबिच युरेनियम आपूर्ति गर्ने सम्झौता भएको जनाइएको छ।

छलफलमा भारतमा बिजुलीको माग उच्च रहेको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले आगामी वर्षहरूमा आणविक ऊर्जा उत्पादनलाई पर्याप्त मात्रामा अघि बढाउने योजनाको रूपरेखा प्रस्तुत गरेको जनाइएको छ।

अष्ट्रेलियामा विश्वको युरेनियम स्रोतको लगभग २८ प्रतिशत रहेको जनाइएको छ तर कानुनी अवरोध र राजनीतिक संवेदनशीलताका कारणले भारतमा निर्यातमा बाधा पुगेको जनाइएको छ।

प्रधानमन्त्री मोदीले आफ्ना अस्ट्रेलियाली समकक्षी एन्थोनी अल्बनिजसँगको वार्ता पछि आणविक ऊर्जा सम्बन्धी महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर गरेको बताउनुभएको हो।

यसले अस्ट्रेलियाबाट भारतलाई युरेनियम आपूर्तिको मार्ग प्रशस्त गर्ने र स्वच्छ ऊर्जा प्राप्तीको उद्देश्यहरूलाई गति दिने जनाइएको छ।

दुई देशले संयुक्त विज्ञप्ति जारी गर्दै यसले शान्तिपूर्ण उद्देश्यका लागि दीर्घकालीन युरेनियम निर्यातलाई अनुमति दिएको बताएका छन्। सम्झौता अनुसार निर्यात अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीद्वारा स्थापित सुरक्षाअन्तर्गत हुनुपर्ने छ।

सम्झौताले भारतमा अस्ट्रेलियाको युरेनियम निर्याततालाई सहज बनाइ जीवाश्मरहित इन्धनको क्षमता बढाउने अष्टेलियाली प्रधानमन्त्री अल्बनिजले पत्रकारहरूसँगको साक्षात्कारमा बताउनुभएको छ।

प्रधानमन्त्री अल्बानिजले बिहीबार मोदीको नेतृत्वको प्रशंसा गर्दै दुई देशबिचको सम्बन्धलाई बलियो बनाउन सहयोग गरेको बताउनुभएको छ।

मेलबर्नको एक स्टेडियममा भव्य कार्यक्रमको बिचमा प्रधानमन्त्री मोदीलाई रक-स्टार सम्मान गर्ने तयारी गरिएको जनाइएको छ भने अष्ट्रेलिया पछि उहाँ न्युजिल्यान्ड जाने कार्यक्रम रहेको जनाइएको छ।

# दरबारदेखि रानीकुवासम्म : इतिहास, जनश्रुति र संरक्षणको मौन साक्षी

✍ जनक श्रेष्ठ

लमजुङ । डुम्रे-बैँसीसहर सडकखण्ड हुँदै यात्रा गर्ने जो-कोहीको नजर सडक छेउमा रहेको एउटा पुरानो कुवामा पर्न सक्छ । हतारमा यात्रा गर्नेका लागि त्यो सामान्य पानीको कुवा मात्र हुनसक्छ तर त्यसको मौन गहिराइभित्र १६ औँ शताब्दीको लमजुङ दरबारको इतिहास लुकेको छ । तत्कालीन राजपरिवारको जीवनशैली, बटुवाको यात्राको कथा, स्थानीय समाजको परिवर्तन र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको जनविश्वास पनि सुरक्षित छ ।

यहाँ कुनै समय रानी वा राजपरिवारले प्रयोग गर्ने कुवा (इनार) थियो । गाउँसहर दरबार आउने-जाने बाटोमा यो पानीको मुख्य स्रोत भएकाले त्यसलाई 'रानीको कुवा' भनिन थालियो । यो व्याख्या स्थानीय मौखिक परम्परामा आधारित हो, यसलाई पुष्टि गर्ने शिलालेख वा आधिकारिक इतिहास हालसम्म उपलब्ध छैन । समयले धेरै कुरा फेरिए पनि 'रानीकुवा'ले इतिहासका ती पदचाप अझै बोकेर बसेको छ । लमजुङको रानीकुवा नामको उत्पत्तिबारे आधिकारिक ऐतिहासिक अभिलेख धेरै उपलब्ध छैन तर स्थानीय जनश्रुति र त्यहाँको ऐतिहासिक परिवेशका आधारमा केही तथ्यहरू फेला पार्न सकिन्छ ।

बैँसीसहर नगरपालिका-३ (साविक गाउँसहर गाउँ विकास समिति) मा अवस्थित रानीकुवाअन्तर्गत पर्ने बस्ती हो । गाउँसहर क्षेत्र तत्कालीन लमजुङ राज्यको महत्त्वपूर्ण ऐतिहासिक केन्द्र मानिन्छ । यही क्षेत्रमा पुरानो दरबार, प्रशासनिक संरचना र धार्मिक स्थलहरू रहेकाले रानीकुवा पनि त्यही ऐतिहासिक परिवेशको एउटा हिस्सा भएर विकसित भएको देखिन्छ । रानीकुवा केवल एउटा बस्ती मात्र नभई गाउँसहर प्रवेशको महत्त्वपूर्ण बिन्दु हो । हालको नगर योजनामा पनि गाउँसहर, काउलेपानी, पुरानोकोट गढी र नाल्मा जाने प्रवेशद्वार रानीकुवामा निर्माण गरिएको उल्लेख छ ।

लमजुङ दरबारसँग जोडिएको यो कुवा स्थानीय जनश्रुतिअनुसार तत्कालीन राजा यशोब्रह्म शाहको पालामा निर्माण गरिएको मानिन्छ । दरबारमा रहेका रानीहरूका लागि सुरक्षित खानेपानी तथा स्नानको व्यवस्था गर्न कुवा खनाइएको विश्वास गरिन्छ । यही कारण यसको नाम 'रानीकुवा' रहन गएको स्थानीयहरूको भनाइ छ । स्थानीय जनश्रुतिअनुसार लमजुङ दरबार र तत्कालीन बसोबासको शैलीसँग गाउँसहर र बैँसीसहरको नामसमेत जोडिएको पाइन्छ । गर्मी याममा माथिल्लो क्षेत्रमा र जाडो याममा बैँसी क्षेत्रमा बसोबास गर्ने चलनका कारण यी नाम प्रचलनमा आएको स्थानीयहरू बताउँछन् । पछि बैँसी क्षेत्रमा बस्ती विस्तार हुँदै जाँदा बैँसीसहरको पहिचान विकसित भएको मानिन्छ ।

स्थानीय बूढापाकाहरूका अनुसार कुनै समयमा राजपरिवार वा दरबारका मानिसहरूले प्रयोग गर्ने पानीको कुवा यहाँ भएकाले त्यसको नाम रानीकुवा रहन गएको भन्ने जनश्रुति प्रचलित छ । यद्यपि, यसलाई पुष्टि गर्ने प्रमाणित ऐतिहासिक दस्तावेज हालसम्म सार्वजनिक रूपमा भेटिँदैन । ८६ वर्षीय स्थानीय बासिन्दा माधवप्रसाद घिमिरेका अनुसार सुरुमा रानीकुवा राजपरिवारको प्रयोगका लागि सीमित थियो । समयसँगै आसपास बस्ती विस्तार भयो र स्थानीयले पनि यही कुवाको पानी प्रयोग गर्न थाले । आधुनिक खानेपानीको व्यवस्था भएपछि यसको प्रयोग घटे पनि ऐतिहासिक महत्त्व भने कायमै रहेको उहाँ बताउनुहुन्छ ।

स्थानीय इतिहासका जानकार अङ्गराज घिमिरेका अनुसार अहिले सडक रहेको स्थानमा पहिले गोरेटो बाटो थियो । त्यस बाटोमाथि रहेको 'रानी चौतारा' मा यात्रुहरूले विश्राम गर्थे र यही कुवाको पानी पिउँथे । उहाँका अनुसार रानीहरू पनि यही क्षेत्रमा आउने, स्नान गर्ने र कुवाको पानी प्रयोग गर्ने गर्थे । त्यसैले रानीकुवा केवल पानीको स्रोत नभई तत्कालीन राजकीय जीवन र स्थानीय समाजबिचको सम्बन्धको जीवित साक्षी हो । घिमिरेका अनुसार राजा यशोब्रह्म शाहलाई लमजुङ ल्याउन कुसम्माखरलाई लमजुङका छ थरले अगुवा गर्न आग्रह गरेअनुसार उहाँले यशोब्रह्मलाई ल्याउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । तीमध्ये कुस्माखर घिमिरेको योगदान विशेष रहेको स्थानीय इतिहास र जनश्रुतिमा उल्लेख पाइन्छ । ज्योतिष, राजनीतिक ज्ञान र दूरदर्शिताका कारण परिचित कुस्माखर घिमिरे राष्ट्रिय झण्डाको प्रारम्भिक परिकल्पनासँग समेत जोडिने व्यक्तित्व भएको उहाँको भनाइ छ ।

नेपाल एकीकरणअघि प्रयोगमा रहेको १२ कुना भएको सूर्य र आठ कुना भएको चन्द्र अङ्कित झण्डाको प्रारम्भिक स्वरूपको परिकल्पनामा उहाँको भूमिका रहेको स्थानीय जनश्रुतिमा पाइन्छ । लमजुङ दरबार संरक्षण समितिका अध्यक्ष राजेन्द्र बोहोराका अनुसार रानीकुवा र लमजुङ दरबारलाई अलग गरेर हेर्न सकिँदैन । दरबारको इतिहास बुझ्न रानीकुवाको संरक्षण पनि उत्तिकै आवश्यक रहेको उहाँको भनाइ छ । उहाँका अनुसार इतिहासको संरक्षण केवल पुराना संरचना जोगाउनु मात्र होइन, त्यससँग जोडिएका तथ्य, जनश्रुति, संस्कृति र सामूहिक स्मृतिलाई भावी पुस्तासम्म पुऱ्याउनु पनि हो ।

पर्याप्त संरक्षणको अभाव, प्राकृतिक क्षय तथा बढ्दो मानवीय चापका कारण रानीकुवासहित दरबार क्षेत्रका ऐतिहासिक सम्पदाको मौलिकता जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ । दरबार, रानीकुवा, रानी चौतारा तथा आसपासका सम्पदालाई समेटेर दीर्घकालीन संरक्षण, व्यवस्थापन र पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना तयार गर्ने प्रक्रिया अघि बढाइएको अध्यक्ष बोहोराले बताउनुभयो । लमजुङ दरबार ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण सम्पदा हो । यसको संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकारसहित विभिन्न निकायबाट पहल भइरहेको उहाँ बताउनुहुन्छ ।

रानीकुवा गाउँसहर दरबार जाने मार्गमा पर्ने भएकाले यो स्थान तत्कालीन लमजुङ राज्यसँग सम्बन्धित हुनसक्ने स्थानीय विश्वास छ । सरकारी विकास योजनाका कागजातहरूमा पनि रानीकुवा-ऐतिहासिक गाउँसहर दरबार सडकको उल्लेख पाइन्छ, जसले यस क्षेत्रको ऐतिहासिक सम्बन्धलाई सङ्केत गर्छ । दरबार क्षेत्रमा रहेको ऐतिहासिक धारासँग पनि स्थानीय जनविश्वास जोडिएको छ । अहिले पनि चैतेदसैँ र फूलपातीका अवसरमा दरबारमा लाग्ने मेलामा सहभागी हुनुअघि उक्त धारामा स्नान गरेर जाने परम्परा रहेको अध्यक्ष बोहोरा बताउनुहुन्छ ।

स्थानीय तहले पनि रानीकुवाको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । वडाध्यक्ष चित्रबहादुर दनाईका अनुसार रानीकुवा क्षेत्रको सौन्दर्यीकरण र प्रवर्द्धनका लागि केही वर्षअघि करिब रु. छ लाखको लागतमा रानीपार्क निर्माण गरिएको थियो । यसको संरक्षण, ऐतिहासिक अध्ययन र पर्यटन प्रवर्द्धनका लागि थप पहल भइरहेको उहाँ बताउनुहुन्छ । रानीकुवा, लमजुङ दरबार र आसपासका ऐतिहासिकस्थललाई एउटै पर्यटन परिपथका रूपमा विकास गर्ने सोच रहेको उहाँको भनाइ छ ।

यसैबिच ऐतिहासिक परिसरमा अहिले कुस्माखर घिमिरेको शालिक निर्माण अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय प्रतिष्ठान समितिका अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार स्थानीय स्वर्गीय डिल्लीराज घिमिरेको सम्झनामा उहाँकी धर्मपत्नी हिमादेवी घिमिरे तथा छोराहरू गुणराज घिमिरे र तोयाराज घिमिरेसहित परिवारले चार आना जग्गा उपलब्ध गराएका छन् । गण्डकी प्रदेश सरकारको रु. १५ लाखको बजेटमा निर्माण भइरहेको शालिकको ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार भक्तपुरमा निर्माण गरिएको शालिक रानीकुवा परिसरमा ल्याइसकिएको छ र उपयुक्त मिति छनोट गरी स्थापना गरिनेछ । कुस्माखर घिमिरेको ऐतिहासिक योगदानलाई नयाँ पुस्तासम्म चिनाउने उद्देश्यले शालिक निर्माण गरिएको उहाँ बताउनुहुन्छ ।

अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार रानीकुवा र यसको आसपासको क्षेत्र पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण छ । त्यसैले पुरातत्व विभागसँग समन्वय गरी यसको संरक्षण, अध्ययन, अभिलेखीकरण र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ । रानीकुवा आज केवल एउटा पुरानो कुवा होइन, यो लमजुङको इतिहास, जनविश्वास, राजपरम्परा, स्थानीय जीवन र सांस्कृतिक पहिचानको जीवित साक्षी हो । यसको छेउमै निर्माणाधीन कुस्माखर घिमिरेको शालिकले इतिहासका अर्का पात्रलाई नयाँ पुस्तासँग परिचित गराउने प्रयास गरिरहेको छ ।

रानीकुवा, लमजुङ दरबार, रानी चौतारा, ऐतिहासिक धारा र कुस्माखर घिमिरेसँग जोडिएका सम्पदालाई एउटै संरक्षण र पर्यटन परिपथका रूपमा विकास गर्न सकिएमा यसले लमजुङको इतिहासलाई मात्र होइन, नेपालको सांस्कृतिक पर्यटनलाई पनि नयाँ आयाम दिन सक्ने बताइएको छ । इतिहासका यस्ता सम्पदाहरू ढुङ्गा, माटो वा पानीका संरचना मात्र होइनन्, तिनले एउटा समाजको स्मृति, पहिचान र निरन्तरताको कथा बोकेका हुन्छन् । रानीकुवाले आज पनि त्यही इतिहासको मौन साक्षी बनेर भविष्यलाई अतीतसँग जोडिरहेको छ । *(रासस)*

# गुरुङ समुदायको पहिचानले विस्तारित लमजुङको ग्रामीण पर्यटन

कुनै समय गाउँका युवायुवती साँझपख रोधीघरमा भेला भएर गीत गाउँथे । यस्तै, नाच्थे, सुख-दुःख साट्थे र पुस्तौँदेखि पुस्तामा संस्कार, संस्कृति तथा सामूहिक जीवनका मूल्य हस्तान्तरण गर्थे ।

गुरुङ समुदायका लागि रोधी मनोरञ्जनको थलो मात्र नभई सामाजिक शिक्षालय पनि थियो । समयसँगै आधुनिक जीवनशैली, वैदेशिक रोजगारी र बसाइँसराइका कारण रोधी बस्ने चलन क्रमशः घट्दै गएको छ ।

रोधीले सिकाएको सामूहिकता, आत्मीयता र मौलिक संस्कृतिप्रतिको अपनत्व अहिले लमजुङको ग्रामीण पर्यटनको बलियो आधार बनेको छ । 'होमस्टे'मार्फत यही सांस्कृतिक सम्पदालाई संरक्षण गर्दै गुरुङ समुदायले पर्यटनलाई आर्थिक समृद्धिको भरपर्दो माध्यमका रूपमा विकास गरिरहेका छन् ।

गुरुङ समुदायको उद्गमस्थल मानिने लमजुङमा मौलिक पहिचानलाई पर्यटनसँग जोड्ने अभियानले पछिल्ला वर्षमा उल्लेखनीय गति लिएको छ । उक्त समुदायको भाषा, वेशभूषा, कला, संस्कृति, परम्परा, स्थानीय खानपान, रहनसहन र आत्मीय आतिथ्यता अहिले स्वदेशी तथा विदेशी पर्यटकका प्रमुख आकर्षण बनेका छन् ।

गाउँमा सक्रिय आमा समूह, बाबा समूह, युवा क्लब, होमस्टे व्यवस्थापन समिति र स्थानीय पर्यटन समितिले संस्कृति संरक्षणसँगै पर्यटन प्रवर्द्धनलाई सँगसँगै अघि बढाइरहेका छन् । लमजुङमा ग्रामीण पर्यटनको सङ्गठित सुरुआत क्व्होलासोथर गाउँपालिका-३ घलेगाउँबाट भएको मानिन्छ । विसं २०५७ मा महोत्सवसँगै सुरु गरिएको होमस्टे अभियान आज पर्यटनको परिचय बनेको छ । त्यसपछि भुजुङ, सिउरुङ, पसगाउँ, घनपोखरा, खासुर, राइनासकोट, काउलेपानी, इलामपोखरी, नाल्मा, छापामिम्प्रा, भुस्मे, घेर्मुलगायत गाउँमा पनि ग्रामीण पर्यटन विस्तार हुँदै गएको छ ।

समुद्री सतहदेखि करिब दुई हजार १०० मिटर उचाइमा रहेको घलेगाउँ दक्षिण एसियाकै नमूना ग्रामीण पर्यटकीय गाउँका रूपमा परिचित छ । यहाँबाट अन्नपूर्ण, मनास्लु, लमजुङ र हिमालचुलीलगायत हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । परम्परागत गुरुङ बस्ती, स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले वर्षौंदेखि पर्यटकलाई आकर्षित गर्दै आएको छ ।

घलेगाउँ ग्रामीण पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेका अनुसार होमस्टेले गाउँको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा उल्लेखनीय परिवर्तन ल्याएको छ । पर्यटनबाट स्थानीयको आम्दानी बढेको छ भने गाउँको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म विस्तार भएको छ । होमस्टेले लोपोन्मुख संस्कार, संस्कृति, परम्परागत परिकार र सामुदायिक जीवनशैलीलाई संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेलेको उहाँ बताउनुहुन्छ ।



क्व्होलासोथर गाउँपालिका-४ भुजुङ गाउँ गुरुङ संस्कृतिको जीवन्त सङ्ग्रहालयका रूपमा परिचित छ । परम्परागत ढुङ्गे घर, मौलिक संस्कार, धार्मिक आस्था र प्राकृतिक सुन्दरताले भरिएको यस गाउँमा २०६४ सालदेखि होमस्टे सञ्चालन हुँदै आएको छ । यहाँ पुग्ने पर्यटकले गुरुङ समुदायको जीवनशैली, संस्कृति र परम्परालाई नजिकबाट अनुभव गर्ने अवसर पाउँछन् ।

मर्स्याङ्दी गाउँपालिका-३ स्थित सिउरुङ गाउँ मनास्लु हिमालको काखमा अवस्थित अर्को आकर्षक गन्तव्य हो । त्यहाँबाट मर्स्याङ्दी नदीको नागबेली दृश्य देख्न सकिन्छ । स्थानीय समुदायको सक्रियतामा पर्यटन प्रवर्द्धनसँगै संस्कृति संरक्षणका अभियान निरन्तर सञ्चालन भइरहेका छन् ।

सिउरुङका स्थानीय पूर्णबहादुर गुरुङका अनुसार आधुनिक जीवनशैली र वैदेशिक रोजगारीका कारण मौलिक संस्कृति सङ्कटमा परे पनि पर्यटनसँग जोडिएपछि त्यसको संरक्षणमा सबैको चासो बढेको छ । उहाँका अनुसार होमस्टे सञ्चालक मात्र नभई दूध उत्पादन गर्ने किसान, अर्ग्यानिक तरकारी उत्पादक, स्थानीय अन्नबाली उत्पादन गर्ने परिवार, हस्तकलामा संलग्न महिला तथा अन्य साना व्यवसायी पर्यटनबाट प्रत्यक्ष लाभान्वित भएका छन् । पर्यटक बढेसँगै गाउँमा रोजगारी र आयआर्जनका अवसर विस्तार हुँदै गएको उहाँ बताउनुहुन्छ ।

पर्यटकलाई स्थानीय स्वाद र मौलिक अनुभव दिलाउन गाउँलेले मौसमी उत्पादनको संरक्षण गर्दै आएका छन् । वर्षायामपछि लेकतिरबाट निउरो, च्याउलगायत स्थानीय उत्पादन सङ्कलन गरी सुरक्षित राख्ने र पर्यटकलाई परम्परागत परिकारका रूपमा पस्कने गरिन्छ । कोदो, फापर, मकै, स्थानीय दाल र अन्य मौलिक परिकारले पनि पर्यटकलाई गाउँले स्वादसँग जोड्ने गरेका छन् ।

गुरुङ समुदायको बाहुल्यता रहेको पसगाउँले पनि ग्रामीण पर्यटनमा छुट्टै पहिचान बनाएको छ । यहाँ प्रदर्शन गरिने कृष्णचरित्र नृत्य, घाटु, झ्याउरे, सोरठी तथा सारङ्गीका मौलिक प्रस्तुति पर्यटकका लागि विशेष आकर्षण बनेका छन् । यस्ता सांस्कृतिक कार्यक्रमले गुरुङ समुदायको पहिचान जोगाउनुका साथै पर्यटन प्रवर्द्धनमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

ग्रामीण पर्यटनको विकासमा महिलाको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । अधिकांश होमस्टेमा आमा समूहले पाहुनाको स्वागत, स्थानीय परिकार तयारी, सरसफाइ व्यवस्थापन तथा सांस्कृतिक कार्यक्रम सञ्चालनको नेतृत्व गर्दै आएका छन् । युवा पुस्ताले पथप्रदर्शक, पर्यटन उद्यमी, सांस्कृतिक प्रस्तोता तथा 'डिजिटल' माध्यमबाट प्रचारप्रसार गरी गाउँमै रोजगारीका अवसर सिर्जना गर्न थालेका छन् ।

क्व्होलासोथर गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले संरक्षणसँगै नयाँ पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताउनुहुन्छ । उहाँका अनुसार गाउँ-गाउँमा पार्क निर्माण, प्राकृतिक झरनाको संरक्षण तथा सौन्दर्यीकरण, नयाँ पर्यटकीय गन्तव्यको विकास, पदमार्ग निर्माण र सेवासुविधा विस्तारका काम भइरहेका छन् ।

उहाँले दूधपोखरी जाने मेमेडाँडा क्षेत्रमा पदमार्ग निर्माण भइरहेको जानकारी दिँदै उक्त पदमार्ग पूरा भएपछि कास्कीबाट आउने पर्यटकलाई यस क्षेत्र हुँदै मनाङसम्म पुग्ने वैकल्पिक पदयात्रा मार्गका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । पर्यटकको बसाइ अवधि लम्ब्याउन नयाँ पर्यटकीय गतिविधि विकास, स्थानीय उत्पादनको बजारीकरण तथा कृषि र पर्यटनलाई एकीकृत गर्ने योजनामा गाउँपालिका केन्द्रित रहेको उहाँको भनाइ छ ।

ग्रामीण पर्यटनले केही चुनौती पनि भोगिरहेको छ । वर्षायाममा सडक अवरुद्ध हुने, केही पर्यटकीय गाउँमा गुणस्तरीय पूर्वाधारको अभाव, दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ पलायन हुनु तथा मौलिक संस्कृतिमा आधुनिक प्रभाव बढ्दै जानु प्रमुख चुनौतीका रूपमा देखिएका छन् । पर्यटन व्यवसायीले यी समस्या समाधानका लागि पूर्वाधार विकास, प्रभावकारी प्रचारप्रसार र तीनै तहका सरकारको समन्वय आवश्यक रहेको बताएका छन् ।

प्राकृतिक सम्पदा, गुरुङ संस्कृतिको मौलिकता, सफल होमस्टे अभ्यास, कृषि र पर्यटनको अन्तरसम्बन्ध तथा स्थानीय समुदायको सक्रिय सहभागिताका कारण लमजुङको ग्रामीण पर्यटनको भविष्य थप सम्भावनायुक्त देखिएको छ ।

पदयात्रा मार्ग विस्तार, डिजिटल प्रचारप्रसार, स्थानीय उत्पादनको 'ब्रान्डिङ' र सांस्कृतिक सम्पदाको संरक्षणलाई थप प्रभावकारी बनाउन सके पर्यटकको बसाइ अवधि र पर्यटनबाट हुने आम्दानी अझ बढ्ने अपेक्षा गरिएको छ ।

रोधीघरमा हुर्किएको सामूहिकताको संस्कार आज होमस्टे, सांस्कृतिक पर्यटन र आत्मीय आतिथ्यतामार्फत नयाँ स्वरूपमा पुनर्जीवित भइरहेको छ । गुरुङ समुदायले आफ्नो भाषा, संस्कृति, परम्परा र मौलिक जीवनशैलीलाई संरक्षण गर्दै त्यसलाई आर्थिक समृद्धिको आधार बनाएको छ ।

पर्यटनले संस्कृति जोगाउने मात्र होइन, गाउँमा रोजगारी सिर्जना गर्ने, कृषि उत्पादनको बजार विस्तार गर्ने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने माध्यमका रूपमा पनि आफूलाई स्थापित गरिरहेको छ । संस्कृति संरक्षण र पर्यटन विकासलाई सँगसँगै अघि बढाउने लमजुङको अभ्यास नेपालका अन्य ग्रामीण क्षेत्रका लागि पनि अनुकरणीय नमुनाका रूपमा स्थापित हुँदै गएको छ । *(रासस)*

# जाचँबुझ आयोगमा मृतक परिवारहरूको बयानको सार सङ्क्षेप – ५०

**मृतक साजन राई डकर्मीका भतिज भरत राईको कागज व्यहोरा :**

मेरो काका साजन राई डकर्मी काम गर्थे । भदौ २३ गते काका बानेश्वरमा रहेछन् । बानेश्वर चोकमा गोली लागेपछि हामीले नै अस्पताल पुऱ्याएका थियौँ । उहाँको २३ गते बेलुका ७:४९ बजे कोरियन अस्पतालमा मृत्यु घोषणा भएको थियो । दोषीलाई हदैसम्मको न्यायिक कारबाही होस् ।

**मृतक बुध्दिबहादुर तामाङका बाबु विष्णुबहादुर तामाङको कागज व्यहोरा :**

मेरो जेठो छोरा बुद्धिबहादुर तामाङ कक्षा १२ सम्मको अध्ययन गरी व्यापार गर्थे । भदौ २३ गते छोरा बानेश्वरमा रहेछन् । घरबाट जाँदा बुद्धिले देश हितको लागि जाँदै छु भनेका थिए । सोही दिन बानेश्वर चोकमा गोली लागेछ । भदौ २३ गते नै ट्रमा सेन्टरमा उसलाई मृत घोषणा गरिएको थियो । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । दोषीलाई हदैसम्मको न्यायिक कारबाही होस् ।

**मृतक नीरज पन्तका बुबा कीर्तिबल्लभ पन्तको कागज व्यहोरा :**

मेरो छोरा सामान्य औषधी व्यवसायी हुन् । आन्दोलनमा एक्लै र स्व:स्फूर्त सहभागी भएका थिए । घटनाको दिन भदौ २४ गते छोरा महाराजगञ्जमा रहेछन् । सोही दिन महाराजगञ्जमा गोली लागेछ । भदौ २४ गते टिचिङ अस्पतालमा नै मृत्यु घोषणा भएको थियो । नेपाल सरकारबाट राहतस्वरूप रु. १५ लाख पाएका छौँ । आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस् ।

**मृतक निखिता गौतमका बुबा लोकनाथ गौतमको कागज व्यहोरा :**

भदौ २४ गते मेरी छोरी निखिता गौतम गौशाला चोकस्थित आफ्नै घरको छतमा आफन्तसँग बसिरहेकी थिइन् । गोली लागेपछि एकजना अपरिचित व्यक्तिले आमाको काखमा राखेर मोटरसाइकलमा छोरीलाई फ्रन्टलाइन अस्पतालमा पुऱ्याएका हुन् । अस्पतालले मृत्यु भइसकेको घोषणा गऱ्यो । नेपाल सरकारबाट राहतस्वरूप रु. १५ लाख पाएका छौँ । घटना घटाउने तत्कालीन सरकार र जिम्मेवार व्यक्तिहरूलाई हदैसम्मको कारबाही हुनुपर्छ ।

**मृतक अनिष पराजुलीका बुबा भीमबहादुर पराजुलीको कागज व्यहोरा :**

मेरो एक मात्र छोरा अनिश पराजुली भदौ २४ गते महाराजगञ्जमा रहेछन् । सोही दिन महाराजगञ्जमा गोली लागेपछि आन्दोलनकारीले नै उसलाई अस्पताल पुऱ्याएका रहेछन् । अस्पताल लगेको केही बेरमै मृत्यु भइसकेको कुरा थाहा पाएँ । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । यस्ता घटना दोहोरिन नदिन देशमा नातावाद, कुशासन र भ्रष्टाचारको अन्त्य हुनुपर्छ ।

**मृतक विजय चौधरीका दाजु अजयकुमार चौधरीको कागज व्यहोरा :**

मेरो भाइ विजय चौधरी कक्षा १२ सम्मको अध्ययन सकेर ठेक्कापट्टा गरिरहेको थियो । भदौ २४ गते भाइ संसद् भवनपछाडि रहेछन् । सोही दिन संसद् भवन पछाडि गोली लागेछ । अस्पताल पुऱ्याएको केही बेरमै उनको मृत्यु भइसकेको थाहा पाएँ । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ ।

**मृतक महेश बुढाथोकीका बुबा केशव बुढाथोकीको कागज व्यहोरा :**

मेरो जेठो छोरा महेश बुढाथोकी विद्यार्थी हुन् । उसलाई भदौ २३ गते कोटेश्वर चोकमा गोली लागेछ । अस्पताल पुग्नुअगाडि नै उसको मृत्यु भइसकेको रहेछ । नेपाल सरकारबाट राहतस्वरूप रु. १५ लाख पाएका छौँ । दोषीलाई हदैसम्मको कारबाही गर्नुपर्छ ।

**मृतक उमेश महतकी दिदी सुमित्रा महतको कागज व्यहोरा :**

भदौ २३ गते मेरो भाइ बानेश्वर आन्दोलनमा सहभागी थिए भने भदौ २४ गते गौशालामा हिँड्दै गर्दा गोली लागेछ । २४ गते नै फ्रन्टलाइन अस्पतालमा उमेशलाई मृत घोषणा गरियो । नेपाल सरकारबाट राहतस्वरूप रु. १५ लाख पाएका छौँ । घटनाको जिम्मेवार तत्कालीन सरकारका प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षकलगायत हुन् । दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ ।


## हार्दिक समवेदना

जन्म
१९९९/०६/१९



स्वर्गारोहण
२०८३/०३/१४

यस विद्यालयको व्यवस्थापन समितिका सदस्य रञ्जना त्वाती (गोसाई) का पूजनीय पिता **हरिराम त्वाती**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा गहिरो दु:ख व्यक्त गर्नुका साथै दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नवीन आधारभूत विद्यालय**
तथा **विद्यालय व्यवस्थापन समिति परिवार**
गोल्मढी-७, भक्तपुर


***उद्यमशीलताको...***

व्यापार, व्यवसायको नयाँ नयाँ परियोजनाको परिकल्पना गर्न सुझाव दिँदै अब छिट्टै नै पुन: नयाँ विद्यार्थीहरूलाई उद्यमशीलताको बीउ पुँजी वितरण गर्ने जानकारी दिनुभयो ।

उद्यमी विद्यार्थी निष्ठा कायस्थले कार्यक्रममा उपस्थित विद्यार्थीहरूलाई बीउ पुँजी प्राप्त गर्ने प्रक्रियासहितको आफ्नो अनुभव सुनाउनुभएको थियो ।

कार्यक्रममा कलेजको मानविकी सङ्कायका इन्चार्ज राजन फेलु र शिक्षिका अविना श्रेष्ठले पनि बोल्नुभएको थियो ।

विश्वविद्यालय अनुदान आयोगबाट कलेजका विद्यार्थीद्वय निष्ठा कायस्थ र कृपा प्रजापतिले बीउ पुँजी प्राप्त गर्न सफल हुनुभएको थियो । अर्का विद्यार्थी कृपाले २४ लाख १० हजार ऋण प्राप्त गर्नुभएको छ ।

# भ्रष्टाचार नियन्त्रण गर्न अपराधीहरू सजायभागी हुनुपर्ने

काठमाडौँ, २५ असार । पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने नेता, मन्त्री, सांसद या अन्य व्यक्तिहरू कारबाहीमा पर्नुपर्छ, कारबाही गरेर जनतासामु उदाङ्ग्याउनुपर्छ । यसरी अपराधीहरूलाई जनतासामु उदाङ्ग्याउँदै कारबाही गर्दै गयो भने मात्र देशमा भइरहेको अन्याय, अत्याचार, बेथिति, भ्रष्टाचार, अनियमितता कम गर्न सकिन्छ । अपराधी या दोषीमाथि कुनै कारबाहीको प्रक्रिया अघि बढाइँदैन, जनतासामु उदाङ्ग्याउने काम गरिँदैन भने भ्रष्टाचारी, कमिसनखोरहरू भ्रष्टाचार र अनियमित गर्न फेरि लाग्नेछन् र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने छन् । असार २४ गते प्रकाशित विभिन्न पत्रपत्रिकामा पूर्वमन्त्रीद्वय रायमाझी र खाणसहित एक दर्जनभन्दा बढी नेता तथा उच्चपदस्थ कर्मचारीहरू दोषी ठहर भएको समाचार प्रकाशित भयो ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर मन्त्री र उच्चपदस्थ व्यक्तिहरूले अमेरिकामा पठाएर अमानवीय काम गरेका थिए । यो गलत काम हो । ढिलो भए पनि त्यसमा संलग्न व्यक्तिहरू दोषी ठहर भएका छन् । यो राम्रो पक्ष हो । 'भुटानी शरणार्थी प्रकरण : पूर्वमन्त्रीसहित २३ जना दोषी ठहर' शीर्षकको समाचार 'गोरखापत्र' मा प्रकाशित भयो । समाचारमा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका लगिएको प्रकरणमा जिल्ला अदालत काठमाडौँले दुई पूर्वमन्त्री टोपबहादुर रायमाझी र बालकृष्ण खाणसहित पूर्वगृह सचिव टेकनारायण पाण्डेलगायत दोषी ठहर भएको उल्लेख छ । उक्त प्रकरणमा भुटानी शरणार्थी नेता टेकनाथ रिजालले नक्कली भुटानी शरणार्थीको परिचयपत्र बनाएर सहयोग गरेका थिए ।

यस्ता प्रकरणका मुद्दा अन्य दर्जनौँ छन् । हरेक मुद्दाको फाइल खोलेर छानबिन गरी दोषीमाथि कारबाहीको प्रक्रिया अघि बढेमा यस्ता मुद्दाहरू घट्नेबाहेक बढ्ने छैन या अनियमितता गर्ने काम कम हुँदै जानेछ । देश विकास नहुनुका अनेक कारणमध्ये भ्रष्टाचार र अनियमितता पनि हो । विकास योजनाको रकम बाँडीचुँडी खाने, योजनाअनुसार गर्नुपर्ने काम नगरी गरेको देखाउने, गुणस्तरहीन सामान प्रयोग गरी गुणस्तरीय सामानको मूल्याङ्कन गर्ने, आधा काम गरेर पूरा गरेको भनी मूल्याङ्कन गर्नेजस्ता बेथितिले भ्रष्टाचार बढेको हो । विकासको कुरा गरेर पैसा कमाउन पल्केका कुनै पनि दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ताहरूकै कारण देश बढी भ्रष्टाचार हुने सूचीमा परेको हो; नेपाल विश्वमा बदनाम भएको हो । भ्रष्टाचार बढी हुने सूचीमा नेपाल परेकै कारण विदेशी दातृ राष्ट्रहरूले गर्ने अनुदान घट्दै गएको हो । नेपालप्रति विश्व समुदायको विश्वास गुम्दै गएको हो ।

सरकार र सत्तासीन दलका नेता र मन्त्रीहरू इमानपूर्वक लागेको खण्डमा देश विकास गर्न नसकिने होइन; जनताको जीवनस्तर नउठ्ने होइन । नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कर्मचारी तथा कार्यकर्ताहरू नि:स्वार्थी र इमानदार हुनुपर्छ । देश र जनताप्रति समर्पित भएर आ-आफ्नो पदअनुसारको जिम्मेवारी पूरा गर्नुपर्छ । दलगत र व्यक्तिगत स्वार्थ छोडेर देश र जनताको सेवा गर्न जुट्नुपर्छ । यसरी सबै इमानपूर्वक जुटेमा देश विकास हुन्छ; देशको मुहार फेर्न सकिन्छ ।

***विद्यालय...***

छिटो भइरहेको हुन्छ । त्यस्ता अस्थायी अभिभावकबाट विद्यालय व्यवस्थापन गर्नु दिगो हुँदैन ।

प्रअको नियुक्ति स्थानीय पालिका प्रमुखबाट हुने व्यवस्थाले स्थानीय राजनैतिक नेतृत्व (पालिका प्रमुख) लाई धेरै अधिकार दिएको ठहरिन्छ । पालिका प्रमुख चुनावबाट जितेर आउने व्यक्ति हुन् । चुनावमा भाग लिने र चुनाव जित्ने व्यक्ति अराजनैतिक व्यक्ति हुनै सक्दैन । प्रअ राजनैतिक व्यक्तिबाट नियुक्ति पाउने भएपछि ऊ कसरी राजनीतिबाट अलग्ग हुन सक्ला ?

विद्यालय व्यवस्थापन समितिमा वर्तमान नियमावलीमा व्यवस्था भएजस्तै शिक्षक प्रतिनिधि, स्थानीय समुदायको प्रतिनिधि, स्थानीय पालिकाको प्रतिनिधि, वडा कार्यालयको प्रतिनिधि र अभिभावकहरूको प्रतिनिधि आवश्यक हुन्छ । साथै स्थानीय पालिकामा जनशक्ति व्यवस्थापन गरिएको छ भने शिक्षाविद् वा विद्यालय निरीक्षकसमेतलाई आमन्त्रण गर्न सकिने व्यवस्था हुनु जरुरी छ ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,

- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### एड्भान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना

**दुईहप्ते एड्भान्स फोटोग्राफी तालिम**मा सहभागी हुन इच्छुक सदस्य एवं सदस्य परिवारबाट **२०८३ असार २६ गतेभित्र** आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ ।



**तालिम**

**शुभारम्भ मिति : २०८३ असार २८ गते, आइतबार**
**समय : बिहान ६:00 बजेदेखि ८:00 बजेसम्म**
**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**
**दर्ता शुल्क : रू. २000।- प्रतिव्यक्ति**

**युवा उपसमिति**

***पुनश्च** : तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

### Smart Banking App मा Smart QR सुविधा थप गरिएको सम्बन्धी सूचना

SMART QR
ACTIVATE NOW

मुख्य फाइदा
सजिलै आफ्नो बैङ्क खातामा रहेको रकम सिद्धि गणेश ऐच्छिक खातामा रकमान्तरण गर्नुहोस्




संस्थाको Siddhi Ganesh Smart Banking App मा Smart QR सुविधा सञ्चालनमा आएको हुँदा उक्त सेवा प्रयोग गर्न इच्छुक सदस्यहरूले आफ्नो Smart Banking App मा KYC Update का साथै आवश्यक प्रक्रिया पूरा गरी Smart QR सक्रिय गर्नुहुन सूचित गराइन्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### कर दस्तुर बुझाउने सम्बन्धमा भक्तपुर नगरपालिकाको अनुरोध

भक्तपुर नगरपालिकामा बुझाउनुपर्ने आ.व. २०८२।०८३ को सम्पत्ति (घर जग्गा) तथा भूमिकर (मालपोत), व्यवसाय कर, घर बहाल कर, सफाइ शुल्क आदि कर तथा शुल्कहरू यही २०८३ असार मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन सम्पूर्ण नगरवासी करदाताहरूमा अनुरोध छ । समयमा कर नबुझाए हर्जना (ब्याज) लाग्ने व्यहोरासमेत जानकारी गराइन्छ ।

**भक्तपुर नगरपालिका**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा